# परिच्छेद : एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमी

बालबालिका भन्नाले यो समूहलाई बुझिन्छ, जुन १६ वर्षभन्दा मुनीका छन् । द कन्साइज अक्सफोर्ड डिक्स्नेरीका अनुसार बालबालिका भन्नाले त्यो उमेर अवस्था हो, जुन यौवनावस्था उमेर समूह भन्दा मुनी हुन्छ । जुन समयमा क्रमिक रुपमा यौनिक परिपक्वतामा वृद्धि हुँदै आउँछ र उनीहरु प्रजनन्का लागि सक्षम बन्नुका साथै योवनावस्थाको त्यो उमेर वा समय जुन समयमा यौवनावस्था सुरु हुन्छ (सिविन, २०५८) ।

बालबालिकाका सम्बन्धमा विभिन्न मुलुकहरुमा फरकफरक उमेर समूह निर्धारण गरिएको छ । संयूक्त राष्ट्रसंघबाट पारित बालबालिका सम्बन्धी महासन्धि १९९८ को धारा १ मा बालबालिका भन्नाले १८ वर्ष मुनिका प्रत्येक मानवलाई सम्झनु पर्दछ भनिएको छ । त्यसैगरी नेपालको बालबालिका सम्बन्धी ऐन २०४८ ले बालक भन्नाले १६ वर्ष उमेर पूरा नगरेका मानिसहरुलाई सम्झनु पर्दछ भनेको छ । नेपालको परिवेशमा १६ वर्ष नपुगी बालबालिकाले नागरिकताको प्रमाणपत्र पाउन सक्दैनन भने निर्वाचनमा मतदान गर्न १८ वर्ष पुगेको हुनुपर्दछ (गौतम, २०६९) ।

सामान्यतया शारीरिक, मानसिक, वौद्धिक र सम्वेगात्मक हिसाबले वयस्कसरह भइनसकेका सम्पूर्ण मानिसलाई बालबालिका हुन् भनेर मान्न सकिन्छ । जसलाई शिक्षा, स्वास्थ्य, पालनपोषण र संरक्षणका आवश्यकता पर्दछ । हाम्रो जस्तो अल्पविकसित मुलुकमा आर्थिक अभाव, पारिवारिक समस्या, दुर्व्यवहार, उचित शिक्षाको अभाव, समुदाय र परिवारको चेतनास्तरको कमी, सामाजिक द्वन्द्वलगायतका समस्याका कारण बालबालिकाहरु सहरी क्षेत्रमा गएर श्रमिकको रुपमा काम गर्न वाध्य छन् । बालबालिकाहरु एकातिर सहरका साना तथा ठूला उद्योगमा काम गर्न बाध्य छन् भने अर्कोतिर हुनेखाने सम्पन्न कहलिएकाले आफ्नो घरायसी कामकाजमा सहयोग गर्न कामदार बनाएर राख्ने गरेका छन् । यसरी राखिएका बालबालिकाहरु आफ्नो घरपरिवारबाट अनुमति पाएर वा भागेर श्रमिकको रुपमा काम गर्न बाध्य भएपछि उनीहरुको पारिवारिक अवस्था, सामाजिकीकरण र साँस्कृतिक सहभागितामा असर परेको छ (कार्की, २०६८) ।

बालश्रमिक भन्नाले ज्याला प्राप्त हुने वा नहुने खालका काम गर्ने १६ वर्ष मुनीका केटाकेटीहरु बुझिन्छ । समाजशास्त्रको विश्वकोषले बालश्रमिकलाई यसरी परिभाषित गरिएको छ । बालबालिकाहरुको वृद्धि र शिक्षामा हानी पुग्ने गरी ज्याला कमाउने वा परिवारलाई सघाउने कार्यमा सम्लग्नता गराउनु हो । बालअधिकार सम्बन्धी महासन्धीको धारा १ अनुसार “राष्ट्रिय कानूनले बाल्यावस्थाको न्यूनतम उमेर नतोकी दिए सम्म १८ वर्ष मुनीका सबैलाई बालबालिका मानिने छ” (काफ्ले, २०६८) ।

बालबालिका सम्बन्धी ऐन २०४८ र बालश्रम निषेधित र नियमित ऐन २०५६ ले १६ वर्ष उमेर पूरा नगरेकालाई बालबालिका भनिन्छ भनी परिभाषित गरेको छ र दुवै ऐनले १४ वर्ष उमेर पूरा नगरेका बालबालिकाहरुलाई श्रमिकको रुपमा काम लगाउन निषेध गरेको छ ( खड्का, २०६२) ।

गरिबीबाट मुक्त पाउनका लागि बालबालिकाहरुलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा विभिन्न किसिमका काममा लगाइन्छ । विश्वका गरिब मुलुकहरुमध्ये प्रमुख रुपमा गनिने नेपालको आधा जसो जनसंख्या दैनिक १ डलरभन्दा कम आयमा बाचिरहेका छन् । यसरी नै बालबालिकाहरुको जनसख्यामा वृद्धि हुनु र गरिबीबाट मुक्त पाउनका लागि बालबालिकाहरुलाई काममा लगाउनु अन्तर्राष्ट्रिय स्तरमा नै नेपालको विकास दिनदिनै खस्कने र नाजुक हुने कुरामा शंका छैन (यू.एन.डि.पि., २०६९) ।

संयुक्त राष्ट्रसंघको विधान अनुसार नेपाललाई उपयुक्त अधिकारहरु लागू गर्न र बाल अधिकारका निम्ति एक निश्चित कानून बनाउन बाध्य तुल्याएको छ । नेपाल सरकारले १९९२ मा बाल अधिकार र बालकल्याण ऐन १९९२ क्रियाशिल बनाएको थियो । यो बालबालिकाको ऐन अनुसार १६ वर्ष मुनिका बालक भनी परिभाषित गरिएको छ । यस ऐन बमोजिम बालबालिकाहरुसँग सम्बन्धी धेरैवटा अधिकारहरुलाई एकलौटी रुपमा व्यक्त गर्न काम भइरहेको छ । सन् १९९५ फेब्रुअरीमा अन्तर्राष्ट्रि श्रम संगठन र नेपाल सरकारको विचमा आपसी समझदारीको स्मरणपत्रमा संझौता भयो जुन बाल श्रमको उन्मुलन निशेध राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय समुदाय बीच परिणाम र समाधानहरुको बारेमा चेतना फैलाउने प्रमुख उद्देश्य थियो (युनिसेफ, २०५५) ।

१६ वर्ष भन्दा मुनिका बालबालिकाहरु घरमा काम गर्ने मात्र नभई बस, माइक्रोबस, रिक्सा एवम् स-साना चियापसलहरुदेखि लिएर होटलमा काम गर्ने लगायत सम्पन्न परिवारले ज्याला र तलबमा राखेका बालबालिकालाई बालश्रमिक भनिन्छ । विशेष गरी अल्पविकसित देशमा बालबालिकाहरु विभिन्न किसिमका काममा व्यस्त हुन्छन् । ती मध्ये कति निकृष्ट प्रकारका बालश्रममा सम्लग्न छन् । तीब्र जनसंख्या वृद्धि, देशको आर्थिक, सामाजिक संक्रमणकालिन अवस्था र परिवारमा उचित रेखदेखको अभावमा बालश्रमिकको संख्या दिनानुदिन वृद्धि भइरहेको छ । (युनिसेफ नेपाल, २०५८) ।

घरेलु बालश्रमिकको इतिहास पल्टाएर हेर्दा १६ औ शताब्दीमा विस्तारित भएको पाइन्छ । १८ औ र १९ औ शताब्दीलाई हेर्दा बालबालिकाको अवस्था अति जोखिमपूर्ण समयको रुपमा मानिन्छ । यो शताब्दीमा जर्मनी, फ्रान्स तथा वेलायतजस्ता यूरोपेली मुलुकका कलकारखानाहरु जस्तै कटन मिल, ग्याँस, सिलाई उद्योगमा बालश्रमिकको व्यापकता रहेको पाइन्छ । सदियौसम्म विभिन्न कारखानाहरुमा टुहुरा, घरबारविहिन, द्वन्द्वग्रस्त, गतिविधिबाट प्रताडित एवम् उत्पीडित वर्गका बालबालिकाहरु बालश्रमिकका रुपमा काम गर्न बाध्य भएको अवस्था थियो । सन् १८०४ तिर वेलायतको कोइलाखानीमा काम गर्ने बालबीलकाको उमेर नौ वर्षभन्दा मुनी रहेको पाइन्छ (युनिसेफ, २०५४) ।

ILO २००२ का अनुसार बालश्रमिक प्रतिको उत्तरदायित्वलाई प्रकाश पार्न सन् २००२ मा बालश्रम विरुद्धको पहिलो अन्तर्राष्ट्रिय दिवस मनाइयो । दिवसका अवसरमा विश्वभरीका बालबालिकाहरुलाई बालश्रम विरुद्धको आन्दोलनमा लाग्न प्रोत्साहित गरियो । उक्त आन्दोलनले बालबालिकाहरुलाई काममा लगाउनका लागि न्यूनतम उमेर तोकिदियो । बालश्रम विरुद्धको अन्तर्राष्ट्रिय दिवस र अन्तर्राष्ट्रिय आन्दोलनले गर्दा बालश्रम विरुद्धको पक्षमा सरकारको सहयोग एवम् अन्तर्राष्ट्रिय श्रम संगठनका सहजकर्ता नागरिक समाजको सहयोग एवम् विभिन्न अवसरहरु प्राप्त हुनका साथै अन्य संगठनहरु विद्यालय यूवा तथा महिला समूह एवम् संचार माध्यम पनि बालश्रम विरुद्धको अभियानमा सम्लग्न भएका थिए ।

नेपालमा बालश्रमीकले काम गरेको परिदृश्य यत्रतत्र देख्न पाइन्छ । उनीहरु आफ्ना परिवारका लागि या अरुका लागि केही पारिश्रमिक प्राप्त गर्नेगरी श्रम गर्दछन् । उनीहरु निजी घरहरुबाट, व्यवसायिक सस्थाहरुमा र यातायातका क्षेत्रमा काम गरीरहेका छन् । धेरै

बालश्रमिकहरु विना पारिश्रमिक काम गरिरहेको अवस्था छ । ८० प्रतिशत भन्दा बढी जनसंख्या कृषिमा आश्रित हुनु र ग्रामिण क्षेत्रमा बसोबास गर्नुका कारण पनि उनीहरुका परिवारका सदस्यसँगै बालबालिकाहरु पारिवारिक जीवनयापनका लागि कृषि कार्यका समेत सम्लग्न छन् । विना पारिश्रमिक काम गर्ने बालबालिकाको अवस्था भयावह छ, साथसाथै शिक्षाको अवसर, स्वास्थ्य स्याहार र आफ्नो बाल्यावस्थाको भरमग्दुर सदुपयोग गर्नबाट बन्चित छन् । बालश्रमिकहरु आफ्ना अभिभावकको संरक्षकत्व, सामिप्यता र स्याहारबाट समेत पूर्णत बन्चित छन् । पछिल्लो समयमा विभिन्न किसिमका सामूहिक संस्थागत प्रयासका कारण शहरी क्षेत्रका घरेलु बालश्रमिकहरुले न्यूनतम जीवनका आवश्यकताहरु पूरा गर्ने अवसरपनि पाएका छैनन् र उनीहरु शिक्षा तथा ज्ञानोपार्जन गर्नका लागि विद्यालय समेत भर्ना भएका छैनन् (सिविन, २०६६) ।

आजका बालबालिका भोलीका कर्णधार मानिन्छन् । वास्तवमा बालबालिकाहरुलाई उचित शिक्षा दिएमा जुनसुकै पक्षका लागि पनि आवश्यक पर्ने जनशक्ति उत्पादन गर्न सकिन्छ । बालबालिकाहरुलाई उनीहरुको सही विकासका लागि सानै उमेरदेखि राम्रो शिक्षा दिएर भविष्यको आधार निर्माण गर्नुपर्ने हुन्छ । तर हाम्रो देशको परिवेशलाई आर्थिक समस्याका कारण बालकले सानै उमेरदेखि अरुको घरमा बसेर आफ्नो जिविका चलाउनुका साथै घरका अन्य सदस्यहरुलाई आर्थिक सहयोग पुऱ्याउनु पर्ने अवस्था छ (भण्डारी, २०६८) ।

बालबालिकालाई वर्ग विभेदबाट मुक्ति गराई उनीहरुको सर्वोत्तम हित हुने काम गर्नु, उनीहरुको दीर्घ जीवन र विकास हुने किसिमको कार्य गर्नु, जन्मसिद्ध र नैसर्गिक अधिकार प्राप्तिको निमित्त सहज वातावरण सृजना गरेका छन् । बालबीलकाहरुको शारीरिक, मानसिक, संवेगात्मक, भावनात्मक सबै पक्षको उचित विकास गराई समाज तथा राष्ट्र विकासको भावी कुशल जनशक्ति तयार पार्नु आजको आवश्यकता रहेको छ । (निरौला, २०६७) ।

बाल अधिकार सम्बन्धी महासन्धीको धारा १ अनुसार राष्ट्रिय कानुनले बाल्यावस्थाको न्यूनतम उमेर नतोकिदिए सम्म १८ वर्ष मुनीका सबैलाई बालबालिका मानिने उल्लेख गरिएको पाइन्छ । नेपालको परिवेशमा कुरा गर्दा १६ वर्ष नपुग्दै बालबालिकाले नागरिकताको प्रमाणपत्र पाउन सक्दैनन् भने निर्वाचनमा मतदान गर्न १८ वर्ष पुगेको हुनुपर्छ । त्यसैगरी १८ वर्ष नपुगी केटीहरुले गरेको विवाह कानूनी विपरित मानिन्छ ।

सिद्धान्त र दस्तावेजमा जे जस्ता कुरा लेखिए पनि व्यवहारमा कुरा अर्को छ। कम उमेरमा विवाह गर्ने, बालश्रममा प्रयोग गर्ने, बालयौनदुराचार गर्ने जस्ता व्यवहारले बालबालिकाको स्वतन्त्र र सुरक्षित बाँच्न पाउने अधिकार समेत खोसिएको छ। त्यस्ता उत्पिडनमा केटाहरुभन्दा केटीहरु बढी मात्रामा परेका छन्। बालबालिकालाई यस्ता हिंसात्मक समस्याबाट छुटकारा दिई उनीहरुको व्यक्तित्व विकास गर्नका लागि बाल अधिकारको संरक्षण गर्नुपर्छ (महर्जन, २०६४)।

नेपालको अन्तरिम त्रीवर्षीय योजना २०६७/०६९ अनुसार कूल बालबालिका संख्याको २ तिहाई अर्थात ६६% भन्दा बढी करिब ६० लाख बालबालिका गरिबीको रेखामुनी रहेको स्थिति छ (रा.यो.आ. २०६७)।

## १.२ समस्याको कथन

बालबालिकाहरुको उचित विकासको लागि उनीहरुलाई सानै उमेरदेखि राम्रो शिक्षा दिएर भविष्यमा देशको विकासका लागि आवश्यक पर्ने जुनसुकै क्षेत्रमा पनि दक्ष बनाउन सकिन्छ। तर, हाम्रो परिवर्तनलाई हेर्दा आर्थिक समस्याका कारण बालबालिकाहरु सानै उमेरदेखि अरुको घरमा घरेलु श्रमिकको रुपमा आफ्नो जिविका चलाउनुको साथै घरमा अन्य आर्थिक क्षेत्रमा आयआर्जनमा सहयोग गर्नु पर्ने अवस्था छ (नेपाल, २०७१)।

नेपालले समय समयमा गरेका अनुसन्धानले घरेलु कामदारको रुपमा वालबालिकाले दुर्व्यवहार, यौन शोषण, यातना, शारीरिक श्रम, शोषण समेत सहनु परेको तथ्य पुष्टि नेपालमा १४ वर्ष मुनिका बालबालिकालाई घरेलु कामदारको रुपमा काममा लगाउन कानुनले निषेध गरेको छ तर देशभर घरेलु बालश्रमिक प्रशस्त भेटिने गरेका छन्। घरेलु कामदारका रुपमा राखिएका बालबालिकाको अवस्था प्रकारान्तरले बधुवा मजदुरको भन्दा फरक देखिदैन (नागरिक दैनिक २०७१)।

आज विश्वका हरेक क्षेत्रमा विभिन्न समस्याहरु बढ्दै गइरहेका छन्। जसले गर्दा मानव जीवन झन जटिल बन्दै गइरहेको छ। घरेलु बालश्रमिक यस्तै समस्याहरु मध्येको एउटा समस्या हो। यो बालबालिकासँग सम्बन्धित समस्या हो यस्तो समस्याबाट टाढा रहनका लागि बालबालिकाहरुलाई यस सम्बन्धी आवश्यक ज्ञान, सीप, अभिवृद्धिको विकास गराउनु पर्दछ। आज नेपालको ग्रामिण क्षेत्रमा बसोबास गर्ने अधिकांश नेपालीको आर्थिक अवस्था

कमजोर भएका कारण जीवन निर्वाह गर्न कठिन भइरहेको छ। अधिकांश मानिसले अशिक्षाका कारण धेरै सन्तान जन्माउँछन् र तिनीहरुलाई लालन पालन गर्न नसकी अर्काको घरमा बालश्रमिकको रुपमा राख्न बाध्य भएका छन् (सिंह २००२)।

आजको २१ औ शताब्दीमा पनि कतिपय बालबालिकाहरु विभिन्न घरायसी कारण लगायत अन्य विविध कारणहरुले गर्दा शिक्षाको अवसरबाट बन्चित हुनु परेको यथार्थ हाम्रो सामु प्रष्ट रुपमा उल्लेख भएको पाइन्छ। जसले गर्दा बालबालिकाहरु आफ्नो घर त्यागी ठूलो संख्यामा बालश्रमिकको रुपमा सम्लग्न रहेको पाइन्छ। सरकारले बालबालिका सम्बन्धी विभिन्न ऐन नियमहरु तर्जुमा गरे पनि कार्यन्वयन पक्ष फितलो भएको कारण बालबालिकाहरुले आफ्नो नैसर्गिक अधिकार प्राप्त गर्न नसकी विभिन्न क्षेत्रमा गई बालमजदुरको रुपमा काम गर्नु परिरहेको छ। यसले गर्दा  उनीहरुले उचित रुपले शिशक्षाको अवसर प्राप्त गर्न नसकी विभिन्न होटल लगायत अन्य क्षेत्रमा काम गरी जिविकोपार्जन गर्नुपरिरहेको छ। त्यसैगरी कतिपय बालबालिकाहरु घरायसी झै झगडाको कारण परिवारबाट भागेर वा विद्यालयको वातावरणबाट प्रताडित भएर, द्वन्द्वका कारण वा अनुत्तिर्ण भएका कारण पढाइ छाडेर शहरमा पसेका सडक बालबालिका वा श्रममा लागेका बालबालिकाको श्रम शोसित हुनु पर्ने विकरला अवस्था छ (शिवाकोटी, २०७२)।

बालमजदुर नेपालमा हाल एक महत्वपूर्ण मुद्दाको रुपमा रहेको छ। यो नेपालमा प्रत्यक्ष र अप्रत्यक्ष विभिन्न रुपमा धेरैवर्ष अगाडिदेखि नै अस्तित्वमा रहेको पाइन्छ। बालश्रमको समस्यालाई सृजना गर्ने विभिन्न रुपमा नेपालमा जिम्मेवार रहेका छन्। गरिबीले सताएको कृषिमा आधारित देश नेपालमा घरायसी मजदुरका रुपमा बालश्रमिकहरुको प्रयोग गरिने र उनीहरुका बाबुआमाले आफ्ना बालबालिकाहरुलाई खान लाउन र उनीहरुको व्यक्तित्व विकासमा ध्यान दिने नभई बालबालिकाहरुलाई नै परिवारको आम्दानीको श्रोत बनाएको अवस्था छ। घरमा आफ्ना अभिभावकको प्रशस्त माया, हेरचाह र उपयुक्त सल्लाह, सुझाव पाउने अवस्था नहुँदा उनीहरु घरबाट बाहिर जाने र विभिन्न किसिमका श्रम क्षेत्रमा सम्लग्न रहनुपर्ने कारणले न्यून सिकाई उपलब्धी हासिल गर्नुका साथै औपचारिक शिक्षाबाट बन्चित रहने गरेका छन् (पराजुली, २०७२)।

दर्जनौ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले करोडौ रुपैयाँको लागतमा बालश्रम उन्मुलन सम्बन्धी कार्यक्रम संचालन गरिरहे पनि तिनले उचित प्रतिफल दिन सकेको छैन । बाल श्रमिक विरुद्ध काम गर्ने एनजिओ र आइएजनजिओहरु ले पनि बालबालिकालाई खान, बस्न, शिक्षा र सम्मानित रोजगार दिएर समाजमा शिर ठाडो पारेर बाँच्न सक्ने कतै बनाएका छैनन् । बाल श्रम विरुद्ध डलरको खेती गर्ने संस्थाले तिनै बालश्रमिकलाई देखाएर अनुदान दिनदेखि नियमनकारी निकायहरुले जिम्मेवारी बोध गराउन नसकेको स्थिति छ । उनीहरुका नाममा करोडौ सकिए पनि स्तर माथि उठ्न सकेको छैन । जोखिमपूर्ण श्रम हिंसा र अपराधका घटना घट्दा बालबालिका असुरक्षित बन्दै गइरहेका छन् । यो समस्या झन झन बढ्दै छ । बालश्रमिकको शिक्षाकै प्रसंग जोड्दा बालबालिकालाई श्रमबाट मुक्त गरेर उनीहरुको उचित शिक्षाको व्यवस्थापन गर्ने हो भने तिनीहरु भोली समाजका लागि चुनौति बन्न सक्दछन् । शिक्षाको प्रसंगमा एउटा वर्ग शिक्षित बन्ने र उसले सम्पूर्ण सुविधाहरु उपयोग गर्ने उसँग ज्ञानको भण्डार हुने तर अर्को वर्ग अरुको तुलनामा आफूलाई निरन्तर कमजोर ठानिरहने अवस्था सृजना हुने हो भने समाजको विकासको गति अवरुद्ध हुन सक्छ । त्यसैले घरेलु बालश्रमिकको विषय देश र स्वयम् बालबाीलकाहरुको निम्ति पनि अत्यन्तै जटिल र दुरगामी असर गर्ने भएकाले समस्यामुलक लागेर अध्ययन अनुसन्धान गरिएको छ (खड्का, २०७१) ।

## १.३ अध्ययनको महत्त्व

कुनै पनि कार्य गर्नुका पछाडि निश्चित महत्त्व रहेको हुन्छ, यस अनुसन्धानको पनि आफ्नै किसिमको महत्त्व रहेको छ ।

(क) हाम्रो देशमा बालश्रमिक एउटा सोचनीय विषयको रुपमा खडा भएको छ । त्यसमा पनि घरेलु बालश्रमिकको समस्या दिनानुदिन बढिरहेको छ । यस अनुसन्धानले घरेलु बालश्रमिकको सामाजिक, आर्थिक अवस्था, उनीहरुको शिक्षामा पहुँच कस्तो छ भन्ने बारेमा सूचना प्रदान गर्न र उनीहरुको अवस्थामा सुधार गर्न आवश्यक पहल गर्न सहयोग पुग्नेछ ।

(ख) यस अनुसन्धानबाट घरेलु बालश्रमिकको सामाजिक, आर्थिक, शैक्षिक अवस्थाको साथै समस्याको बारेमा नयाँ ज्ञानको प्राप्ति हुनेछ ।

(ग) बालश्रमिकका समस्याहरु पत्ता लगाई समाधानका उपायहरु अवलम्वन गर्ने तर्फ सम्बन्धित निकाय र सरोकारवालालाई आवश्यक सल्लाह सुझाव प्रदान गर्नु यसको महत्त्व रहेको छ ।

(घ) यस अनुसन्धानबाट यस्तै अनुसन्धान गर्न चाहने अनुसन्धानकर्तालाई सहयोग पुग्नेछ ।

(ङ) यस अनुसन्धानले विभिन्न योजना निर्माणकर्ता, नीति निर्माता, शिक्षक, विद्यार्थी, अभिभावक, विभिन्न संघसंस्थाहरुलाई यो अनुसन्धानले सन्दर्भग्रन्थको रुपमा कार्य गर्न सहयोग पुग्ने छ ।

(च) अनुसन्धानमा झापा जिल्लाको दमक नगरपालिकामा रहेका घरेलु बालश्रमिकको बारेमा जानकारी लिन जान्न वा बुझ्न चाहने जो सुकैका लागि पनि उपयोगी हुनेछ ।

(छ) यस अनुसन्धानबाट घरेलु बालश्रमिकको सामाजिक, आर्थिक र शैक्षिक अवस्थाको बारेमा जानकारी प्राप्त गरी घरेलु बालश्रमिकहरुमा रहेको समस्या तथा समाधानका उपायहरु पत्ता लगाई आवश्यक सुझाव दिनु यसको महत्त्व रहेको छ ।

(ज) यस अध्ययनबाट वर्तमान र भविष्यमा अनुसन्धान गर्न चाहने जो सुकैलाई पनि उपयोगी हुनेछ ।

## १.४ अध्ययनको उद्देश्य

यस शोधपत्रको लागि निम्न उद्देशय छनौट गरिएको छ :

(क) घरेलु वालश्रमिकको सामाजिक, आर्थिक र शैक्षिक अवस्था पत्ता लगाउनु ।

(ख) घरेलु बालश्रमिकको मुख्य समस्या पत्ता लगाउनु ।

## १.५ अध्ययनको परिसीमा

(क) यस अनुसन्धान कार्यलाई पूरा गर्नका लागि झापा जिल्लाको दमक नगरपालिका भित्र रहेका १६ वर्ष मुनिका ३१ जना घरेलु बालश्रमिकहरुलाई समेटिएको छ ।

(ख) सीमित श्रोत, साधनका कारण सीमित बालबालिकाहरुलाई मात्र समावेश गरिएको छ ।

(ग) यस अनुसन्धानमा सामान्य उद्देश्यपूर्ण नमूना छनोट विधिमात्र प्रयोग गरिएको छ ।

(घ) यस अनुसन्धानमा प्राथमिक तथ्यांक संकलनको लागि स्थलगत रुपमा झापा जिल्लाको दमक नगरपालिकामा रहेका घरेलु बालश्रमिकलाई प्रत्यक्ष रुपमा भेटेर उनीहरुलाई केही खुल्ला तथा बन्द प्रश्नहरुको माध्यमबाट उनीहरुको सामाजिक, आर्थिक, शैक्षिक तथा उनीहरुका समस्याको जानकारी लिइएको छ ।

(ङ) छोटो समय, आर्थिक श्रोतको अभाव तथा उद्देश्यहरु थोरै भएकाले यो एउटा सिमित विषयवस्तुमा मात्र समेटिएको छ ।

## १.७ प्रयोग भएका पारिभाषिक तथा प्राविधिक शब्दहरू

| | | |
|---|---|---|
| अन्याय | : | भेदभाव |
| आश्रित | : | जिविको पार्जन गर्न अरुमा भर पर्ने |
| एकलौटी | : | आफ्नो मात्र |
| औचित्यपूर्ण | : | महत्वपूर्ण |
| गोठ | : | गाईवस्तु राख्ने घर |
| न.पा | : | नगरपालिका |
| बालवालिका | : | ७ वर्षको उमेर पार गरेका तर १६ बर्ष उमेर पुरा नभएका केटाकेटी |
| सिविन | : | चाइल्ड वर्कर्स इन नेपाल कन्सल्ड सेन्टर |
| C.B.S | : | Central Bureau of Statistics |
| UNFPA | : | United Nation Fund for Population activities |
| UNIECF | : | United nation children fund |
| W.H.O | : | World Health Organization |

# परिच्छेद : दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन

## २.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन

मार्क्स (१८४८) का अनुसार औद्योगिक क्रान्तिले वेलायतसँगै सम्पूर्ण यूरोपेली समाजमा आमुल परिवर्तन ल्याएपछि  समाज परिवर्तनको दिशातर्फ उन्मुख भएको थियो । उद्योगको तीव्र विकाससँगै श्रम क्षेत्रमा समेत बालबालिकाको प्रयोग हुन थाल्यो । सर्वहारा र बुर्जुवा वर्गमा त्यतिबेलाको समाज विभक्त भएपछि त्यसैको संघर्षस्वरुप सर्वहारा वर्गका बालबालिका समेत बालश्रममा प्रयोग  हुन थाले । न्यूनतम आवश्यकता पुरा गर्ने सर्तमा न्यून तलवमा काम गर्नु त्यतिबेलाको बालश्रमिकको विवशता थियो । कार्ल मार्क्सले त्यसबेला नै बालश्रमको भयावह अवस्थालाई  मूल्यांकन गरी बालश्रम उन्मुलन तथा न्यूनीकरणका लागि निम्न तीन चरण रणनीति प्रस्तुत गरेका थिए :

१. सम्पूर्ण बालबालिकालाई निःशुल्क शिक्षाको व्यवस्था

२. औद्योगिक बालश्रमको उन्मुलन

३. बालश्रमलाई गैरकानुनी र अवैध घोषणा

ट्राट्नर (१९७०) को अनुसार १९ औ शताब्दीको सरुवातमा समाजसुधारक र केही श्रम संगठनले बालश्रमलाई उन्मुलन र नियन्त्रण गर्न केही प्रयासको थालनी समेत गरेका थिए । सन् १९३० को दशकको महासन्धी पश्चात भने बालश्रमको चरम प्रयोग भएको पाइन्छ । यसले गर्दा पनि विश्वमा नै बालश्रमिकको अवस्था झनै विकराल हुदै गएको थियो । सन् १९०० मा अमेरिकामा कूल श्रमिकमध्ये १८ प्रतिशत १६ वर्ष मुनिका बालश्रमिक थिए । द्वितीय विश्वयुद्ध पश्चात भने अमेरिकामा बालश्रमिकका समस्या निर्मुल भएका छन् ( खड्का, २०७१) ।

कार्लमार्क्स (१८४८) को वर्ग संघर्ष सिद्धान्तका अनुसार जुनसुकै समाजमा पनि दुई वर्ग रहेका हुन्छन् । शोषित र शोषक । समाजमा रहेका उत्पादनका साधनहरु रहेको वर्ग शोषक वर्ग हो भने शारीरिक श्रम बाहेक केही नभएको वर्ग शोषित वर्ग हो । उनका अनुसार आजसम्मको समाजको इतिहास भनेको वर्ग संघर्षको इतिहास हो । स्वतन्त्र मानिस दास, अभिजात, सामान्त र किसान आदी वर्गमा बाडिएको छ । एउटै शब्दमा भन्दा शोषक र

शोषित सधै एक अर्काको विरोधमा कहिले लुकेर कहिले खुलेर निरन्तर संघर्ष गरिरहेका हुन्छ । यो नै समाजको द्वन्द्व सिद्धान्त हो ।

## २.२ व्यावहारीक साहित्यको पुनरावलोकन

मानव इतिहासको विविध कालखण्डमा बालबालिकाहरु श्रमिक र दासका रुपमा काम गर्न विवश थिए । अझ औद्योगिक क्रान्तिका बालश्रम शोषणको चरम उत्कर्षमा नै पुगेको थियो । त्यसबेला बालबालिकाहरुलाई श्रमिकका रुपमा उपयोगी र किफायती मानिन्थ्यो । कारण उनीहरु शारीरिक रुपमा पनि साना हुन्थ्ये र वयस्कले उद्योगका साँघुरा स्थान र खानीका साँघुरा क्षेत्रमा गएर काम गर्न नसक्दा  बालश्रमिकको प्रयोग हुन्थ्यो । बालबालिकाहरुलाई व्यवस्थापन र नियन्त्रण गर्न पनि सजिलो हुने र वयस्कभन्दा कम तलब दिए पनि हुने जस्ता कारणले बालश्रमलाई बढावा दिएको थियो । प्राय : बालश्रमिकहरु पढाइ छाडेर परिवारको अभिभारा बहन गर्न बाध्य थिए (पराजुली, २०७२) ।

आजभोली सामाजिक परिवर्तन र राजनीतिक परिवर्तनका कारणले गर्दा हुनेखाने वर्गहरुले आ आफ्ना घरेलु बालश्रमिकहरुलाई बाध्यतावस  विद्यालयमा भर्ना गर्ने चलन सुरु भएको छ । त्यस्ता विद्यालय प्राय : न्यून गुणस्तरका हुने गर्छन् । तथापि यसलाई मालिक र बालश्रमिकले उत्साहजनक रुपमा लिएका हुन्छन् । तर, वास्तवमा घरेलु श्रमिकले वस्ने ठाउँ, साथीसंगी तथा इष्टमित्रलगायत विद्यालयबाट पनि भाग्यवादी विचारभन्दा माथिका कुराहरु सिक्ने मौका पाएका हुदैनन् । जसले उनीहरुको जीवनमा सामाजिक रुपान्तरणमा नकारात्मक प्रभाव परेको हुन्छ । त्यसैको परिणामस्वरुप उनीहरु त्यही वातावरणभित्र आफ्ना व्यक्तित्व तथा प्रतिभाको विकास गर्न पाएका हुदैनन् । समग्रमा भन्ने हो भने घरेलु बालश्रमिक विद्यार्थीहरु गलत सामाजिकीकरणका विचारबाट प्रभावित भएर गलत तरिकाले आफ्नो व्यक्तित्वलाई समाजमा रुपान्तरीत गरिरहेका हुन्छन् (खड्का, २०७१) ।

ढकाल, २०६७ का अनुसार बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनले तय गरे अनुसार “बालबालिकाको स्वास्थ्य वा तिनीहरुको शारीरिक, मानसिक आध्यात्मिक, नैतिक र सामाजिक विकासमा हानी पुग्ने काममा लगाउनुलाई बालमजदुरी भनिएको छ । समाजशास्त्रको विश्वकोषले बालमजदुरीलाई बालबालिकाहरुको वृद्धि र शिक्षामा हानी

पुऱ्याउने गरी ज्याला कमाउने या परिवारलाई सघाउने कार्यमा उनीहरुको संलग्नता हो” भनि परिभाषित गरिएको छ ।

वि.सं. २०४८ मा घरेलु बालश्रमिकको अवस्था अध्ययन गरेकी रुपा धितालले बालश्रमिकको संख्या तीस हजार भन्दा बढी भएको उल्लेख गरेकी छन् । उनको अध्ययन अनुसार बँधुवा र अर्धबँधुवा बालश्रमिक रहेका छन् । ती मध्ये बालबालिकाहरुको अवस्था भयावक रहेको छ । घरेलु बालश्रमिक घरभेटीबाट मानसिक एवम् शारीरिक रुपले प्रताडित छन् । प्राय : जसो खाने र बस्ने सुविधामा उनीहरु काम गरीरहेका छन् (खड्का, २०७१) ।

रघुवंशी (२०५६) का अनुसार घरेलु बालश्रमिक बालबालिकाहरुको अवस्था अत्यन्तै दयनीय रहेको उल्लेख गरिएको छ । ती बालबालिकाहरुलाई उनीहरुको कामको भारको दाँजोमा अत्यन्तै न्यून तलवमा काम गराइएको र शारीरिक, मानसिक एवम् यौनिक  तवरले शोषण गरिएको पाइएको छ । ४० प्रतिशत भन्दा बढी बालिकाहरु विना पारिश्रमिक काम गरिरहेको पाइनुले चरम आर्थिक शोषणको भागीदार समेत बनेको यथार्थ तथ्यांक प्राप्त भएको छ । ती बालिकाहरु दैनिक  औषतमा १२ घण्टासम्म काम गरीरहेका छन् । घरेलु बालश्रमिक बालिका मधये ९२ प्रतिशत १० देखि १४ वर्ष उमेर समूहका रहेका छन् ।

ILO (2007) का अनुसार बालश्रमिकको अन्त्य गर्नु नै हाम्रो उद्देश्य हो । तर पनि विश्वमा २१५ करोड बालबालिकाहरु श्रम गरेर बाचिरहेका छन् । आधारभूत अधिकार र नीतिहरु जस्तै : गुणस्तरीय शिक्षा, यूवा वर्गलाई रोजगारीको अवसर अभिभावकहरुलाई उपयुक्त काम आदिलाई प्राथमिकता दिने हो भने विश्वमा बालश्रमको अन्त्य सम्भव छ । हामीलाई परम्परावादी सोचले डोऱ्याएको छ । अब प्रत्येक बालबालिकाको अधिकार सुरक्षित गर्न हामी सबै एकजुट भएर अगाडी बढ्यौ भने यसले सबै बालबालिकालाई सम्मान मिल्नेछ ।

संयुक्त राष्ट्रसंघको सन् १९८९ को महासभाले बालअधिकारको सुरक्षा गर्नुपर्छ भन्ने विश्वव्यापी मान्यता लिएको पाइन्छ । नेपालले सन् १९९० सेप्टेम्बर १४ तारिखका दिन त्यो मान्यता अनुमोदन गरेको थियो । त्यो मान्यता अनुमोदन एउटा महत्वपूर्ण सन्धि थियो । जसले केही हदसम्म भए पनि बालअधिकारका क्षेत्रहरु जस्तै : बाँच्ने, राम्रो स्याहारसुसार उचित सुरक्षा, तिरस्कार, अवहेलना, शोषण र गालीगलौचरहित व्यवहार जस्ता कुराहरु तोकेको छ । जसको कारणले बालबालिकाहरुको स्वास्थ्य , घरपरिवार र वातावरणमा आफूलाई स्वतन्त्र रुपले विकास गराउन सक्छन् (युनिसेफ, २०५३) ।

गोरखापत्रमा प्रकाशित भए अनुसार काठमाण्डौ पुस ९ गते केन्द्रिय बालकल्याण समितिले राजधानी लगायतका विभिन्न ठाउँमा गरी उद्योगमा इम्ब्रोइडरीको काम गर्ने १२७ बालकलाई उद्दार गरी परिवारमा पुन : स्थापित गराएर उनीहरुको शिक्षा र सीप मुलक तालिमका लागि आवश्यक आर्थिक सहयोग उपलब्ध गराएको जनाएको छ (गोरखापत्र २०६८, पुस ९) ।

राष्ट्रिय मानव अधिकार आयोगका पूर्व सदस्य एवम् सिविनका संस्थापक अधिकारकर्मी गौरी प्रधानद्वारा गरिएको अनुसन्धानमा लगभग पाँच हजारदेखि सात हजारको संख्यामा घरेलु बालश्रमिकको रुपमा कार्यरत बालिकाहरु चेलीबेटी बेचबिखनका दालालको चंगुलमा भारत एवम् नेपालका विभिन्न सहरमा बेचिएका छन् । यसले गर्दा पनि बालश्रमिकका क्षेत्रमा अझ जटिल एवम् भयावह समस्याको सृजना भएको छ (प्रधान, २०५३) ।

बालश्रमको प्रमुख जरोका रुपमा रुढीवादी संस्कार र ग्रामीण गरिबी नै प्रमुख तत्व रहेका छन् । अन्धविश्वास र रुढीवादी परम्परागका कारण विपन्न समुदायमा सन्तानोत्पादनलाई ईश्वरको वरदान मान्ने तथा छोराको विशेष अनिवार्यता ठान्ने शिक्षादिक्षा र पालनपोषण गर्न अभिभावकले नसकी सम्पन्न परिवारमा पढाइदिने बहानामा बाल श्रमिकको रुपमा घाँस काट्न, भाँडा माझ्न राखेको पाइन्छ (शिवाकोटी २०७२) ।

नेपालको संविधान २०७२ का अनुसार बालश्रमिकले पोषणयुक्त खानेकुरा पाउने शिक्षादिक्षा पाउने, सुरक्षा पाउने कुराहरु बालबालिकाका नैसर्गिक अधिकार हुन् । बालबालिकालाई जोखिमपूर्ण कार्यमा लगाउनु वा उनीहरुको इच्छा विपरित कुनै पनि कार्य गराउनु गैर कानुनी मानिनेछ र यस किसिमको कार्य गर्ने जोकोही दण्डको भागिदार बन्नेछ ।

सन् १९९० मा तत्कालिन श्री ५ सरकारले बालअधिकार सम्बन्धी मान्यतालाई स्वीकार्दै कानुनी सुधार आयोग तथा न्याय विभागले बालबालिका ऐनको प्रारुप तयार पारेको थियो । त्यस बेलाको संसदले भइराखेको कानुनलाई पुनरावलोकन समेत गरेको थियो । संसदले उक्त प्रारुपलाई सन् १९९२ मा स्वीकृति प्रदान गरेको थियो । लिङ्ग, जाति, भाषा, धर्म र सामाजिक स्थिति, स्वास्थ्य, शिक्षा, खानेपानी एवम् सुरक्षा जस्ता विषयहरुमा बालबालिकाहरु विच कुनै विभेद हुँदैन भन्ने मान्यता लिएको थियो । उक्त ऐनले बाबुआमाको छोराछोरी र बालबालिका प्रतिको उत्तरदायित्व, सरकारी सेवा जस्तै श्रम ऐन १९९२, सामाजिक सुधार ऐनले पनि बालअधिकारको सुरक्षा र उनीहरुको विकासप्रति प्रतिवद्धता व्यक्त गरेको पाइन्छ ।

सन् १९९४ मा तत्कालिन श्री ५ को सरकारले महिला तथा बालबालिकाको विकासको लागि मन्त्रीस्तरीय एउटा परिषद गठन गऱ्यो । उक्त परिषद्को उद्देश्य महिला तथा बालबालिकाको विकास र उनीहरुको प्रगति विवरण प्रति राष्ट्रिय नीति तयार पार्नु थियो ( थापा, २०५४) ।

कयौं बालबालिकाहरु कारखाना, सडक व्यापारीको रुपमा फोहोर, मैला संकलन गर्ने जस्ता काममा सम्लग्न रहेको पाइन्छ । लामो समय जोखिमयुक्त काममा सम्लग्न भए पनि उनीहरुको पारिश्रमिक, अत्यन्तै न्यून रहेको छ । आफ्नो शिक्षा, स्वास्थ्य, मनोरञ्जन, संरक्षण र व्यक्तित्व विकास जस्ता अवसरलाई परित्याग गरेर आर्जन गरेको सामान्य ज्याला उनीहरुको जीवन निर्वाहका लागि पर्याप्त रहेको पाइदैन । यस्तो प्रकारको बालश्रमले उनीहरुको व्यक्तित्व विकासमा बाधा पुग्नका साथै बाल वेश्यावृद्धि, सडकमा माग्ने तथा चोरी गर्ने अवस्था समेत सृजना भएको छ । सामान्य प्रकारका बालश्रमले बालबालिकाहरुको सामाजिक, शारीरिक, मानसिक विकासमा केही फाइदा समेत हुने गरेको छ । यसका मद्दतले बालबालिकाहरुको आफूलाई सामाजिकीकरण गर्दै समाजको एउटा अंगमा आफूलाई रुपान्तरण गर्न सक्छन् । बालश्रमका कतिपय स्वरुपले हाम्रो कतिपय सामाजिक बनावटको स्वरुपलाई समेत प्रतिविम्वित गरेको पाइन्छ (सिंह, २००२) ।

सरकारले बालश्रम निषेध र नियमित ऐन २०५६ लाई २०६१ मंसिरदेखि लागु गरेको छ । ऐनमा १४ वर्ष भन्दा मुनिका बालबालिकालाई कुनै काममा लगाउन नपाइने व्यवस्था गरिएको छ । उक्त ऐनमा संगठित उद्योग, प्रतिष्ठानहरुले श्रम कार्यालयको स्वीकृति लिएर मात्र बालबालिकालाई काममा लगाउन सक्ने व्यवस्था गर्नुका अतिरिक्त श्रम कार्यालयले निश्चित संरक्षकत्व तोकी यस्तो स्वीकृति दिन सक्ने व्यवस्था गरेको छ । प्रतिष्ठानहरुले बालबालिकाहरुलाई दिनमा ६ घण्टा र सातामा ३६ घण्टा मात्र काममा लगाउन सक्ने प्रावधान ऐनमा उल्लेख छ । तोकिएको समयवाहेक अतिरिक्त पारिश्रमिक दिएर पनि काममा लगाउन नपाइने र बेलुका ६ बजेदेखि विहान ६ बजेको समय अवधिभर पनि काममा लगाउन निषेध गरेको छ । तर, व्यवहारमा कार्यान्वयन भएको छैन (खड्का, २०६२) ।

शिवाकोटी (२०७२) का अनुसार बालश्रमको प्रमुख जरोका रुपमा रुढीवादी संस्कार र ग्रामिण गरिबी नै प्रमुख तत्व रहेका छन् । अन्धविश्वास र रुढीवादी परम्पराका कारण विपन्न समुदायका सन्तानोत्पादनलाई ईश्वरको बरदान भन्ने तथा छोराको विशेष

अनिवार्यता ठान्ने प्रवृत्तिले गर्दा आफ्नो क्षमता भन्दा बढी सन्तान जन्माउने गरेको पाइन्छ । फलस्वरुप सन्ततीको शिक्षादिक्षा र पालनपोषण गर्न अभिभावकहरुले नसकी सम्पन्न परिवारमा पढाइदिने बहानामा बालश्रमिकको रुपमा घाँस काट्न, भाँडा माझ्न राखेको पाइन्छ ।

बालश्रमिक विश्वका हरेक कुनामा देखिने निरन्तर यथार्थता हो । विश्वभरीका संख्या यकिन गरेर भन्न सकिने अवस्था छैन र जति पनि उपलब्ध भएका तथ्याङ्क छन् तिनले यथार्थ र सत्य तथ्य विवरण समेट्न नसकेका पनि हुन सक्छन् । नेपालमा बालश्रमिकको अवस्था सम्बन्धी अध्ययन गर्दा सतौर अेमनले प्रस्तुत गरेका सिविनको प्रतिवेदनमा विभिन्न क्षेत्रमा कार्यरत बालश्रमिकको अवस्थाको अध्ययन गरिएको छ । नेपालमा बालबालिकाले परिवारको सहयोगका लागि काम गर्नु परेको अवस्था छ तर हालैका वर्षमा सहरी बसाइसराइकर्ताको संख्यामा वृद्धि भएसँगै ग्रामीण क्षेत्रमा गरिबीले शोषित भएका परिवारका बालबालिकाहरु सहरमा बालश्रमिकका रुपमा शोषित हुन बाध्य छन् । सहरमा त्यस्ता श्रम शक्तिको परिपूर्ति यिनै ग्रामिण क्षेत्रका गरिब बालबालिकाबाट हुने गरेको छ । ती बालबालिकाहरु कि त अभिभावकबाट अलग भएका छन् कि त छलछाम या बाध्यतावस बन्धनमा परी बालश्रम बेच्न विवश छन् । यसले गर्दा बालश्रमको समस्या झन विकराल हुँदै गइरहेको छ । त्यसैगरी बालबालिका सम्बन्धी ऐन २०४९ कार्यन्वयनमा आए पनि त्यसको फितलो अभ्यासले जटिलता सिर्जना गरेको छ (सिविन, २०५०) ।

गोरखापत्र (२०६९) मा प्रकाशित भए अनुसार इलाम माघ ९ गते जिल्ला बाल कल्याण समिति इलामले मंगलबारे जिल्लाको फिक्कल बजारबाट २ बालिका सहित ११ जना बालकको उद्धार गरेको छ । प्रमुख जिल्ला अधिकारी बाबुराम खतिवडाको नेतृत्वमा गएको एक टोलीले फिक्कल बजारका विभिन्न होटलमा कामदारका रुपमा काम गर्दै आएका बालबालिकाको उद्धार गरेको छ ।


## २.३ साहित्यको पुनरावलोकन उपदेयता

अध्ययन गर्नका लागि यसै विषयवस्तुसँगै सम्बन्धित साहित्यहरु र विविध लेखकहरुले लेखेका लेख रचना, पुस्तक, विभिन्न विद्वानहरुले प्रतिपादन गरेका सिद्धान्तहरु तथा विचारको अध्ययन गरी विषयवस्तुलाई गहिराइमा पुग्न ठूलो सहयोग गरेको छ । यस्ता सामग्रीहरुले शोधकार्य गर्न निर्देशन प्राप्त हुन गई अनुसन्धान विश्वसनीय र वैद्य हुन पुगेको

छ । अध्ययनका क्रममा प्रयोग गरिएका विविध साहित्यहरुको पुनरावलोकन र सैद्धान्तिक खाकाबाट अध्ययन कार्यलाई अघि बढ्न र खोजिनीति हुन नसकेका विविध विषयलाई खोजी गर्न सहयोग मिलेको छ । अनुसन्धानबाट प्राप्त कुराहरुले अध्ययनको उपयोगिताको बारेमा स्पष्ट गराउँछ । यस अध्ययनमा पुनरावलोकनका रुपमा रहेका सम्पूर्ण श्रोतहरुले स्पष्ट पार्ने काम गर्दछ । जसले गर्दा अध्ययन औचित्यपूर्ण र प्रभावकारी बन्ने छ । यो सोधपत्रसँगै सम्बन्धित विभिन्न खालका पुराना शोधपत्रहरुलाई अध्ययन गर्दा बालश्रमिकहरुलाई उनीहरुको सामाजिक, आर्थिक, शैक्षिक अवस्था सुधार गर्न उनीहरु प्रति सकारात्मक धारणाको विकास हुन जरुरी छ । यसरी घरेलु बालश्रमिकहरुको  बारेमा विभिन्न साहित्यहरुको पुनरावलोकन गरी प्रभावकारी ढंगले अध्ययन अनुसन्धानलाई अघि बढाउनका लागि सम्बन्धित साहित्यको पुनरावलोकन गर्नु अति आवश्यक हुन्छ । यस शोधकार्यमा साहित्यको पुनरावलोकनबाट विषयवस्तुको गहिराइमा पुग्न ठूलो सहयोग गरेको छ ।

## २.४ अवधारणात्मक ढाँचा

बालश्रम गरिबी र पिछडिएको आर्थिक अवस्थाको कारणबाट उत्पन्न हुने समस्या हो (ILO, 1994)  यसले विभिन्न घटना र परिस्थितिलाई समेट्दछ । उक्त घटना र परिस्थितिको पुस्ता एक प्रकारको हानिकारक चक्रसँग अन्तरसम्बन्धित हुन्छ । उक्त चक्रलाई तल प्रस्तुत गरिएको छ :




स्रोत : ILO, 1994

घरेलुवालश्रमिकको सामाजिक आर्थिक र शैक्षिक अवस्थालाई परिवारको जिवनस्तर, आधारभूत अवश्यकता पेशा, परिवारको शैक्षिक स्थिति, सामाजिक मुल्यमान्यताहरुले प्रभाव पर्ने गर्दछ । सामाजिक क्रियाकलापमा संलग्न हुने, दैनिक कम ज्यालामा काम गर्ने मानिसहरूले आफ्नो परिवारका आवश्यकता परिपुर्ति गर्न समस्या हुने भएकाले पनि शैक्षिक अवस्था कमजोर हुने गर्दछ । फलस्वरुप आफ्नो पेट पाल्न र शिक्षा हासिल गर्न कै लागि घरेलु बालश्रमिक बढेको देखिन्छ ।

# परिच्छेद : तीन

# अध्ययन विधि

## ३.१ अनुसन्धानात्मक ढाँचा

यस अनुसन्धानमा परिमाणात्मक ढाँचामा आधारित भई प्राप्त तथ्यांकलाई वर्णनात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ । यो अध्ययनमा मुख्य रुपमा घरेलु बालश्रमिकहरुको सामाजिक, आर्थिक, शैक्षिक अवस्थाको व्याख्या तथा विश्लेषण गरिनुका साथै घरेलु बालश्रमिकहरुको मुख्य समस्याको बारेमा जानकारी प्राप्त गरिएको छ ।

## ३.२ जनसंख्या र नमूना

यस अध्ययनको लागि झापा जिल्ला दमक न.पा मा रहेको १६ वर्षमुनिको ३१ जना घरेलुबालश्रमिकलाई नमुनाको रुपमा लिइएको छ ।

### ३.२.१ नमूना छनौट प्रक्रिया

यस अध्ययनका लागि सबै जनसंख्यालाई अध्ययन गर्न नसकी सम्भावना रहित नमुना छनौट अनर्तगत उद्देश्यपूर्ण नमूना छनौट विधि अपनाएर अध्ययनको उद्देश्य पूरा गरिएको छ ।

## ३.३ तथ्याङ्क संकलनका श्रोतहरु

यस अनुसन्धानलाई सफल र उत्कृष्ट बनाउनका लागि तथ्याङ्क संकलन गर्ने क्रममा विभिन्न किसिमका प्राथमिक र द्वितीय श्रोतहरुको प्रयोग गरिएको छ । प्राथमिक श्रोतको रुपमा बन्द प्रश्नावली तयार पारी घरेलु बालश्रमिकहरुलाई सोधिएको छ । यसबाट उनीहरुको सामाजिक, आर्थिक र शैक्षिक स्थितिको बारेमा जानकारी प्राप्त गरिएको छ । त्यसैगरी अनुसन्धानलाई सहायक हुन सक्ने पुस्तक, पत्रपत्रिका, अभिलेख, विभिन्न किसिमका प्रतिवेदनहरु साथै विभिन्न शोधपत्रहरुबाट द्वितीय श्रोतको रुपमा तथ्याङ्क संकलन गरिएको छ ।

## ३.४ तथ्याङ्क संकलनका प्रक्रिया

यस अनुसन्धानका लागि छनौट गरिएका घरेलु बालश्रमिकलाई (बन्द) प्रश्नहरुको प्रयोग गरी सूचना तथा तथ्याङ्क संकलन गरिएको छ। शोधपत्र तयार पार्ने क्रममा शोध निर्देशक, विषयविज्ञ तथा साथीहरुसँग छलफल गरी उनीहरुको सल्लाह अनुसार शोधपत्र लेखन कार्यलाई पूरा गरिएको छ।

## ३.५ तथ्याङ्कको व्याख्या र विश्लेषण प्रक्रिया

प्रस्तुत अनुसन्धान अध्ययनका क्रममा तयार पारिएका विभिन्न तथ्याङ्क साधनहरूबाट संकलित प्रथमिक तथ्याङ्कलाई तथ्याङ्क शास्त्रीय विधिहरूको प्रयोग गरी व्याख्या र विश्लेषण गरिएको छ।

आवश्यकतालाई मध्यनजर राख्दै दिइएको तथ्याङ्कलाई सङ्ख्या र प्रतिशतमा व्यत्त गरी वृत्तचित्र, स्तम्भचित्र र तालिकामा प्रस्तुत गरी सरल र स्पष्ट रूपमा आकर्षित खालको बनाइएको छ साथै अनुसन्धानबाट प्राप्त तथ्याङ्कको व्याख्या र विश्लेषणलाई पारदर्शिता र सहज रूपबाट निष्कर्ष निकालिएको छ।

# परिच्छेद : चार

# नतिजाको व्याख्या एवम् विश्लेषण

यस परिच्छेदमा अध्ययन स्थल दमक नगरपालिकामा रहेका १६ वर्ष मुनिका घरेलु बालश्रमिकहरुलाई उनीहरुको सामाजिक, आर्थिक र शैक्षिक अवस्था सम्बन्धी सोधिएका प्रश्नहरुका साथै उनीहरुका समस्या सम्बन्धी प्रश्नहरुबाट तथ्याङ्क संकलन गरी ती तथ्याङ्कहरुलाई विश्लेषण र प्रस्तुतिकरण गरिएको छ ।

## ४.१ घरेलु बालश्रमिकहरुको सामाजिक, आर्थिक र शैक्षिक अवस्था

## ४.२ उमेर र लिङ्गका आधारमा घरेलु बालश्रमिक

घरेलु बालश्रमिक विभिन्न लिङ्ग र उमेर समूहका भेटिएका छन् । उमेर र लिङ्गका आधारमा बालश्रमिकको प्राप्त तथ्याङ्कलाई तालिका १ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १ : उमेर र लिङ्गका आधारमा घरेलु बालश्रमिक**

| क.सं. | उमेर | बालक | बालिका | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ८ वर्ष मुनी | ० | १ | १ | ३.२३ |
| २ | १० देखि १४ वर्ष सम्म | ४ | १९ | २३ | ७४.१९ |
| ३ | १५ वर्षदेखि १६ वर्ष सम्म | १ | ६ | ७ | २२.५८ |
| | जम्मा | ५ | २६ | ३१ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका १ अनुसार सर्वेक्षणका लागि छनौट गरिएका बालश्रमिक विभिन्न उमेर समूहमा छन् । जसमध्ये ८ वर्ष भन्दा मुनी १ जना बालिका छन् । १० वर्षदेखि १४ वर्ष उमेर समूहका ४ जना बालक र १९ जना बालिका छन् । १० वर्षदेखि १६ वर्ष उमेर समूहका १ बालक र ६ बालिका रहेको पाइएको छ ।

यसरी हेर्दा यस अध्ययनमा १० देखि १४ वर्ष उमेर समूहका सबैभन्दा बढी ७४.१९ प्रतिशत घरेलु श्रममा आवद्ध रहेको पाइएको छ । यस्तै ८ वर्षभन्दा मुनि उमेर समूहका सबैभन्दा कम ३.२३ प्रतिशत रहेको पाइएको छ ।

## ४.३ जातिगत आधारमा घरेलु वालश्रमिक

नेपाल एउटा बहुजातिय र बहुभाषिक राष्ट्र हो । यहाँ विभिन्न जातिका मानिसहरु बसोबास गरेका छन् । जसलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २ : जातिगत आधारमा घरेलु बालश्रमिक**

| क.सं. | जाति | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सतार | २ | ६.४५ |
| २ | क्षेत्री | ७ | २२.५८ |
| ३ | धिमाल | ८ | २५.८१ |
| ४ | तामाङ्ग | ५ | १६.१३ |
| ५ | धारु | २ | ६.४५ |
| ६ | नेवार | २ | ६.४५ |
| ७ | राजवंशी | १ | ३.२३ |
| ८ | बाहुन | २ | ६.४५ |
| ९ | लिम्बू | १ | ९.२३ |
| १० | गुरुङ्ग | १ | २.२३ |
| | जम्मा | ३१ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका नं. २ अनुसार छनौटमा परेका घरेलु बालश्रमिकमध्ये सबैभन्दा बढी ८ जना बालबालिका २५.८१ प्रतिशत धिमाल समुदायका बालबालिका छन् । त्यसपछि क्षेत्री समुदायका बालबालिका २२.५८ प्रतिशत श्रममा सम्लग्न रहेको पाइयो । सबैभन्दा कम राजवंशी, लिम्बू र गुरुङ्ग जातीका १।१ जना रहेको पाइयो ।

## ४.४ धर्म अनुसार घरेलु बालश्रमिक

यस अध्ययनमा समावेश गरिएका बालश्रमिहरुले विभिन्न धर्म मान्ने गरेको पाइयो । जसमा हिन्दू, बौद्ध किराँत र अन्य रहेका छन् । जसलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ३ : धर्म अनुसार घरेलु बालश्रमिक**

| **क.सं.** | **धर्म** | **संख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १ | हिन्दू | १९ | ६१.२९ |
| २ | बौद्ध | ७ | २३.५८ |
| ३ | किराँत | ३ | ९.६८ |
| ४ | अन्य | २ | ६.४५ |
| | जम्मा | ३१ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका नं. ३ अनुसार छनौटमा परेका घरेलु बालश्रमिकमध्ये सबैभन्दा बढी १९ जना अर्थात् ६१.२९ प्रतिशत हिन्दू धर्म मान्ने बालबालिका पाइयो । त्यसपछि बौद्ध धर्म मान्ने ७ जना अर्थात् २२.५८ प्रतिशत रहेको पाइयो भने सबैभन्दा कम अन्य धर्म मान्ने २ जना अर्थात् ६.४५ प्रतिशत बालबालिका रहेको पाइयो । यो तथ्याङ्कलाई अझ स्पष्ट पार्न तलको स्तम्भ चित्रमा देखाइएको छ ।

## ४.५ घरेलु बालश्रमिक आएको स्थान

अध्ययनका क्रममा भेटिएका बालबालिका विभिन्न स्थानबाट आएका छन् । जुन तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४ : घरेलु बालश्रमिक आएको स्थान**

| क.सं. | आएको जिल्ला वा स्थान | बालक | बालिका | प्रतिशत |
|---|---|---|---|---|
| १ | दमक (स्थानीय) | ५ | ११ | |
| २ | उर्लाबारी | | १ | |
| ३ | मंगलबारे | | १ | |
| ४ | गौरादह | | १ | |
| ५ | गौरीगञ्ज | | १ | |
| ६ | केरखा | | १ | |
| ७ | विर्तामोड | | १ | |
| ८ | इलाम | | १ | |
| ९ | धुलाबारी | | १ | |
| १० | विराटनगर | | १ | |
| ११ | पाँचथर | | ३ | |
| १२ | ताप्लेजुङ्ग | | १ | |
| १३ | धनकुटा | | १ | |
| १४ | भोजपुर | | १ | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका नं. ४ मा स्थानीय ठाउँकै बालबालिकाहरु बालश्रमिकको रुपमा काम गर्दै आएको प्रष्ट हुन्छ । जसमा दमकमा १६ जना बालबालिकाहरु स्थानीय साहु महाजनकोमा घरेलु बालश्रममा आवद्ध भएका छन् । यस्तै सबैभन्दा कम उर्लाबारी, मंगलबारे, गौरादह, गौरीगञ्ज, केरखा, इलाम, धुलाबारी, विराटनगर, ताप्लेजुङ्ग, धनकुटा र भोजपुरबाट १।१ जना बालबालिका दमक क्षेत्रमा घरेलु बालश्रमिकको रुपमा कार्यरत छन् । बाल श्रमको रुपमा देशका विभिन्न क्षेत्रबाट पनि दमकमा आएर श्रममा सम्लग्न भएको पाइयो ।

## ४.६ बालश्रमिकको रुपमा काम गर्न आइपुग्ने माध्यम

बालश्रमिकको रुपमा काम गर्न आइपुग्ने माध्यम सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५ : बालश्रमिकको रुपमा काम गर्न आइपुग्ने माध्यम**

| क्र.सं. | बालश्रमिकको रुपमा काम गर्न आइपुग्ने माध्यम | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | घरबाट भागेर | १ | ३.२३ |
| २ | आफन्तको सम्पर्कबाट | २५ | ८०.६५ |
| ३ | सडकबाट | २ | ६.४५ |
| ४ | साथीभाइको सम्पर्कबाट | ३ | ९.६७ |
| | जम्मा | ३१ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका ५ अनुसार २५ जना अर्थात् ८०.६५ प्रतिशत बालबालिका आफन्तको सम्पर्कबाट काम गर्न आइपुगेको अवस्था पाइयो । २ जना अर्थात् ६.४५ प्रतिशत सडकको वेवारिसे अवस्थाबाट र अन्य १ जना भने बाबुआमाको माया ममताको अभावमा घरेलु बालश्रमिक भएको पाइयो । अत : बालबालिकाको अधिकार सम्बन्धमा र बालश्रमको शोषणयुक्त प्रकृति र हिंसासम्बन्धी चेतनाद्वारा आम जनमानसलाई सुसुचित बनाउने र बालश्रमिकको उद्धारमा सक्रिय रुपमा सहभागी गराई सहकार्य तर्फ राष्ट्र र सरोकारवालाहरुमा दिशाबोध हुनु जरुरी छ ।

## ४.७ घरेलु बालश्रमिकको आर्थिक पृष्ठभूमी

बालबालिकाहरु श्रमिकको रुपमा काम गर्नेहरुको आर्थिक अवस्थाको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ६ : घरेलु बालश्रमिकको आर्थिक अवस्था**

| क्र.सं. | पारिवारिक अवस्था | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | खान लाउन पुग्छ | १० | ३२.२६ |
| २ | खान लाउन पुग्दैन | २१ | ६७.७४ |
| | जम्मा | ३१ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका नं ६ अनुसार घरेलु बालश्रमिकको आर्थिक पारिवारिक पृष्ठभूमीलाई आधार मान्दा १० जना अर्थात् ३२.२६% बालबालिकाको घर परिवारमा खान लाउन पुग्ने अवस्था रहेको छ

। २१ जना अर्थात् ६७.७२ प्रतिशत बालबालिकाको घरमा खान लाउन नपुग्ने अवस्था छ। यसरी खान लाउन नपुग्ने बालबालिका भरपेट खानाकै लागि अर्काकोमा बाध्यात्मक अवस्थामा बालश्रमिकको रुपमा काम गर्न विवश छन्।

## ४.८ घरेलु बालश्रमिक भएर काम गरेको अवधी

घरेलु बालश्रमिक अहिले बसीरहेको मालिकको घरमा ६ महिनादेखि ८ वर्ष निरन्तर काम गरिरहेका छन्। जसलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. ७ : घरेलु बालश्रमिक भएर काम गरेको अवधि**

| क.सं. | काम गरेको अवधि | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ६ महिनादेखि २ वर्ष | १५ | ४८.३९ |
| २ | २ वर्षदेखि ४ वर्ष | ११ | ३५.४८ |
| ३ | ४ वर्षदेखि ६ वर्ष | २ | ६.४५ |
| ४ | ६ वर्ष देखि ८ वर्ष | ३ | ९.६८ |
| | जम्मा | ३१ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका ५ अनुसार ६ महिनादेखि २ वर्षसम्म १५ जना अर्थात् ४८.३९ प्रतिशत बालबालिका रहेको पाइयो। त्यसैगरी २ वर्षदेखि ४ वर्षसम्म ११ जना अर्थात् ३५.४८ प्रतिशत रहेको पाइयो भने ४ वर्षदेखि ६ वर्षसम्म २ जना अर्थात् ६.४५ प्रतिशत रहेको पाइयो र ६ वर्षदेखि ८ वर्षसम्म ३ जना अर्थात् ९.६८ प्रतिशत रहेको पाइयो। यस आधारमा हेर्दा कलिलो उमेरका बालबालिकालाई बढी मात्रामा घरबेटीले छानेर काम गर्न लगाउने गरेका छन्। किनकी कलिलो उमेरका बालबालिका आज्ञाकारी हुने भएकाले गर्दा घरवेटीले चर्को काम लगाउने गरेको प्रष्ट हुन्छ।

## ४.९ घरेलु बालश्रमिक हुनुअघि बालबालिकाले गर्ने कार्य

घरेलु बालश्रमिक हुनु अघि बालबालिकाहरु कोही घरमा बसेको पाइयो भने, कोही अर्काकै घरमा बसेको पाइएको छ। त्यस्तै २ जना सडकमा फोहोरमैला टिप्ने गरेको बताइएको छ। जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. ८ : घरेलु बालश्रमिक हुनुअघि बालबालिकाले गर्नु कार्य**

| क.सं. | बालश्रमिक हुनु अघि बालबालिकाले गर्ने कार्य | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | घरमै पढ्थे | १० | ३२.२६ |
| २ | घरमै बस्थे | १३ | ४१.९४ |
| ३ | अर्कैको घरमा काम गर्थे | ५ | १६.१३ |
| ४ | घरमा बाबुआमासँग काम गर्थे | १ | ३.२३ |
| ५ | सडकमा बस्थे | २ | ६.४४ |
| | जम्मा | ३१ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार बालबालिकाहरु हालसालको घरमा बालश्रमिक बन्नुभन्दा पहिले १० जना अर्थात ३२.२६ प्रतिशत आफ्नै घरमा पढ्थे भने १३ जना अर्थात् ४१.९४ प्रतिशत आफ्नै घरमा बसेको पाइन्छ । त्यसैगरी ५ जना अर्थात् १६.१३ प्रतिशत अहिले बस्ने गरेको घर भन्दा अर्को घरमा बालश्रमिक भई काम गरेको पाइन्छ भने १ जना अर्थात् ३.२३ प्रतिशत आफ्नो बाबुआमालाई खेतबारीमा घरको काम सघाउँदै बस्दै गरेको पाइन्छ भने साथीहरुसँग सडकमा बसेको संख्या २ अर्थात ६.४४ प्रतिशत पाइयो ।

## ४.१० घरेलु बालश्रमिकले गर्ने कामको प्रकृति

घरेलु बालश्रमिकले काम गर्ने प्रकृति सम्बन्धमा लिएको तथ्याङ्क तालिका नम्बर ६ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ९ : घरेलु बालश्रमिकले गर्ने कामको प्रकृति**

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | खाना बनाउन सघाउने र भाँडा माझ्ने | १२ | ३८.७१ |
| २ | बच्चा हेर्ने | ८ | २५.८१ |
| ३ | खेतबारीको काम गर्ने | ५ | १६.१२ |
| ४ | पसलमा काम गर्ने | ४ | १२.९१ |
| ५ | अन्य | २ | ६.४५ |
| | जम्मा | ३१ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका नं. ९ अनुसार यो प्रष्ट हुन्छ की अधिकांश बालबालिकाहरुले भाडा माझ्ने, खाना बनाउन सघाउने गरेको पाइयो । त्यसैगरी बच्चा हेर्नेको संख्या ८ अर्थात् २५.८१ प्रतिशत पाइयो भने कृषि क्षेत्रमा काम गर्ने ५ जना अर्थात् १६.१२ प्रतिशत पाइयो । त्यसैगरी पसलमा सामान मिलाउने ४ जना अर्थात् १२.९१ प्रतिशत र अन्यमा २ जना अर्थात् ६.४५ प्रतिशत पाइयो ।

## ४.११ घरेलु बालश्रमिकको रुपमा काम गर्नुको उद्देश्य

यस सम्बन्धमा सम्लग्न गरेको तथ्यांकलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १० घरेलु बालश्रमिकको रुपमा काम गर्नुको उद्देश्य**

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पढ्ने लेख्ने | २० | ६४.५२ |
| २ | रोजगारी | ३ | ९.६७ |
| ३ | साहाराको लागि | २ | ६.४५ |
| ४ | परिवारलाई आर्थिक सहयोग गर्ने | ६ | १९.३६ |
| | जम्मा | ३१ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका नं. १० अनुसार गरिबी र विपन्नताले गर्दा अर्काको घरमा काम गर्दै पढ्ने लेख्ने उद्देश्य २० जना बालबालिकाले राखेको पाइयो । त्यस्तै रोजगारीको उद्देश्य राख्ने ३ जना रहेको छ भने साहाराको लागि २ जना रहेको पाइयो । परिवारलाई आर्थिक सहयोग गर्ने ६ जना, अर्काकोमा घरेलु बालश्रमिकको रुपमा काम गर्न बाध्य भएको पाइयो ।

## ४.१२ घर मालिकबाट बालश्रमिकले पाएको सेवा सुविधा

बाबुआमाबाट न्यानो माया पाउनुपर्ने बेला पेट भर्नका लागि साहु, महाजनले भने अनुसारको काम गर्नु बालश्रमिकको बाध्यता हो । बालबालिका आज्ञाकारी हुने भएकाले साहु महाजनले आफ्नो अनुकूलको जे सुकै काममा लगाउने गरेका छन् । तिनीहरुलाई काम लगाए वापत दिइएको सेवा सुविधा तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ११ : घर मालिकबाट बालश्रमिकले पाएको सेवा सुविधा**

| क.सं. | सेवा सुविधा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | खाने र बस्ने | ९ | २९.०३ |
| २ | छोराछोरी सरह | ६ | १९.३५ |
| ३ | तलब | १२ | ३८.७१ |
| ४ | अध्ययन गर्न | ४ | १२.९१ |
| | जम्मा | ३१ | १००.०० |


स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका नं. ११ अनुसार खाने र बस्ने सेवा सुविधा पाउने ९ (२९.०३ प्रतिशत) र साहु, महानजबाट छोराछोरी सरह सेवा सुविधा पाएका ६ जना (१९.३५ प्रतिशत) रहेको भेटियो । यसर्थ सरकारी नियमनकारी निकाय जागरुक भएर बालाबालिकाले पाउने आधारभूत सेवा सुविधा प्रदान गर्नका लागि अभियान वा  सचेतनामूलक कार्यक्रम अगाडी बढाउनु आवश्यक देखिन्छ ।

## ४.१३ घरेलु बालश्रमिकको बसाइको अवस्था

घरेलु बालश्रमिकहरु मालिकको घरमै बसेपनि विभिन्न ठाउँमा सुत्ने गरेको पाइयो । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**चित्र नं. १ : घरेलु बालश्रमिकको बसाइको अवस्था**




स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका नं. १२ अनुसार १८ जना अर्थात् ६१.२९ प्रतिशतको सुन्ते खाट र ओछ्यान अलग भएको, ९ जना २९.०३ प्रतिशतको सुत्ने कोठा छुट्टै भएको, २ जना अर्थात् ६.४५ प्रतिशत भुइमा जहाँ खाली भयो त्यही सुत्ने गरेको पाइयो भने १ जना अर्थात् ३.२३ प्रतिशतले गोठमा सुत्ने गरेको पाइयो । सुत्ने उचित व्यवस्था नहुँदा बालश्रमिकको स्वास्थ्यमा गम्भीर असर पर्ने सुनिश्चित छ । यो तथ्यलाई अझ स्पष्ट पार्नको लागि तलको वृत्त चित्रमा प्रस्तुत गरिएको छ ।

## ४.१४ घरेलु श्रमिकले पाउने खाना

बालबालिकालाई गाँस, बास, कपास, स्वास्थ्य शिक्षा र सुरक्षा प्रदान गरिनु आधारभूत आवश्यकता मानिन्छ । घरेलु बालश्रमिकले पाउने खाना यसरी तालिकामा देखाइएको छ ।

**तालिका नं. १२ : घरेलु श्रमिकले पाउने खाना**

| क.सं. | बालश्रमिकले पाउने खाना | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | अरुको जस्तै | २८ | ९०.३२ |
| २ | अरुको भन्दा अलग्यै | २ | ६.४५ |
| ३ | आफ्ना लागि छुट्टै पकाउनु पर्ने | १ | ३.२३ |
| | जम्मा | ३१ | १००.०० |


स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका नं १३ अनुसार २८ जना अर्थात् ९०.३२ प्रतिशत बालश्रमिकलाई खानामा भेदभाव नगरेको पाइए पनि २ जनामा भने भेदभाव गरेको पाइयो । यसर्थ घरलु बालश्रमिकलाई भित्री हृदयदेखि माया गर्नेको संख्या २८ र नगर्नेको संख्या २ जना रहेको भेटियो ।

## ४.१५ बालश्रमिकको दैनिक कामको अवस्था

बालश्रमिकहरु लामो समय दिनमा  २ घण्टा देखि ८ घण्टा सम्म काम गरिरहेका छन् । जसलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**चित्र नं. २ : बालश्रमिकको दैनिक कामको अवस्था**




स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार दैनिक ५ घण्टा काम गर्ने बालश्रमिकको संख्या १३ अर्थात् ४१.९४ प्रतिशत पाइयो । त्यस्तै ३ देखि ४ घण्टा काम गर्ने ८ जना, दैनिक २ घण्टा काम गर्ने ७ जना र ६ घण्टा भन्दा बढी काम गर्ने ३ जना रहेको पाइयो । बालबालिका सम्बन्धी ऐन २०४८ ले कलिलो उमेरका बालबालिकाहरुलाई चर्को काम लगाउन रोक लगाएको छ । बालबालिकालाई दिनको ६ घण्टा र हप्तामा ३६ घण्टा भन्दा बढी काममा लगाउन नपाइने प्रावधान रहेको छ तर ऐन पूर्ण रुपमा कार्यन्वयन भने भएको छैन । यो तथ्यलाई अझ स्पष्ट पार्नको लागि तलको स्तम्भ चित्रमा देखाइएको छ ।

## ४.१६ घरेलु बालश्रमिकको मासिक ज्याला

यहाँ समावेश भएका बालबालिकाहरुले सस्तो ज्यालामा आफ्नो श्रम बेचिरहेका छन् । जसलाई तलको तालिकामा स्पष्ट पारिएको छ ।

**तालिका नं. १३ : घरेलु बालश्रमिकको मासिक ज्याला**

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | रु.५००।- देखि रु.१,०००।- सम्म | ७ | २२.५८ |
| २ | रु.१,०००।- देखि रु.१,५००।- सम्म | १६ | ५४.६२ |
| ३ | रु.१,५००।- देखि रु.२,०००।- सम्म | ६ | १९.३६ |
| ४ | वेतलवी | २ | ६.४४ |
| | जम्मा | ३१ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

उपरोक्त तालिकाबाट हेर्दा कम ज्यालामा पनि घरेलु बालश्रमिकले श्रम गरिरहेका छन् । जसमा सबैभन्दा बढी १६ बालश्रमिकले रु.१,०००।- देखि रु.१,५००।- सम्म तलब पाउने गरेका छन् भने ७ जना बालश्रमिकहरुले रु.५००।- देखि रु.२,०००।- सम्म तलब पाउने गरेको छ । गरिबीका कारणले उनीहरु कम ज्यालामा पनि धेरै जोखिमपूर्ण काम गरिरहेका छन् । त्यसैगरी २ जना वेतलवी रहेको पाइयो ।

## ४.१७ घरेलु बालश्रमिकले पाउने पारिश्रमिक लिने व्यक्ति

यस अध्ययनमा समावेश गरिएको घरेलु बालश्रमिकहरुको पारिश्रमिकको अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १४ : घरेलु बालश्रमिकले पाउने पारिश्रमिक लिने व्यक्ति**

| क.सं. | पारिश्रमिक लिने व्यक्ति | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | घरेलु बालश्रमिक आफै | २ | ६.४६ |
| २ | आमाबाबु | २१ | ६७.७४ |
| ३ | आफन्त | ६ | १९.३५ |
| ४ | अहिलेसम्म पाएको छैन | २ | ६.४५ |
| | जम्मा | ३१ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका नं. १६ अनुसार पारिश्रमिक पाउने बालश्रमिकको संख्या न्यून रहेको छ । २ जना ( ६.४६ प्रतिशत) ले मात्र आफै पारिश्रमिक बुझ्ने गरेको पाइयो । २१ जना (६७.७४

प्रतिशतले) आमाबाबु र ६ जना (१९.३५ प्रतिशतले) का आफन्तले पारिश्रमिक बुझ्ने गरेको पाइयो । पारिश्रमिकका लागि बालबालिकालाई श्रममा लगाउन नहुने भएकाले यस्तो पद्धति निरुत्साहित गर्नु सरकारी नियमनकारी निकायले कडाई गर्नुपर्ने देखिन्छ ।

## ४.१८ घरेलु बालश्रमिकको बाबुआमा भेट्न आउने अवस्था

घरेलु बालश्रमिकको अधिकांश आमाबाबु विरलै भेट्न आएको पाइन्छ । जसलाई निम्न तालिकाले प्रस्तुत गरिएको छ ।

**तालिका नं. १५ : घरेलु बालश्रमिकको बाबुआमा भेट्न आउने अवस्था**

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | बाबु आमा भेट्न आउने | २० | ६४.५२ |
| २ | बाबुआमा भेट्न नआउने | ७ | २२.५८ |
| ३ | आफन्त भेट्न आउने | ४ | १२.९० |
| | जम्मा | ३१ | १००.०० |


स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिकालाई हेर्ने हो भने अधिकांश घरेलु बालश्रमिकहरुको बाबुआमा भेट्न आएको देखिन्छ भने केही बालश्रमिकको बाबुआमा टाढा भएको अवस्थाले भेट्न नआएको अवस्था देखिन्छ । जसले गर्दा बालबालिकाको मनमा निरासता, एक्लोपन भएको अवस्था देखिन्छ ।

## ४.१९ घरेलु बालश्रमिकको कामको सन्तुष्टिको अवस्था

घरेलु बालश्रमिकहरु मध्ये अधिकांश बालबालिकाहरु कम ज्यालामा बढी काम गरिरहेको छ । यस्तो परिस्थितिमा बालश्रमिकहरु आफ्नो काममा सन्तुष्टि भएका छैनन् जसलाई तलको तालिकामा स्पष्ट पारिएको छ ।

**चित्र नं. ३ : घरेलु बालश्रमिकको कामको सन्तुष्टि अवस्था**




स्रोत : स्थलगत सर्वेक्षण, २०७३

उपरोक्त तालिकालाई विश्लेषण गर्दा के प्रष्ट हुन्छ भने अधिकांश घरेलु बालश्रमिकहरु आफ्नो काम प्रति सन्तुष्टि नभएको अवस्था छ । अधिकांश बालश्रमिकहरु आफ्नो काम प्रति असन्तुष्टि हुँदाहुँदै पनि आफ्नो समस्याका कारणले काम गरिरहेका हुन्छन् । जसलाई ५४.८४ प्रतिशत वा १७ जना बालश्रमिकहरु आफ्नो काम प्रति असन्तुष्टि छन् भने ४५.१६ प्रतिशत अर्थात् १४ जना बालश्रमिक आफ्नो काम प्रति सन्तुष्ट भएका छन् । आफ्नो कामको सन्तुष्टि नहुँदा पनि आफ्नो घरायसी समस्याका कारणले बाध्यतावस उनीहरु यो काम गरिरहेका छन् ।

## ४.२० घरेलु बालश्रमिकको उपचारको अवस्था

यस अनुसन्धानमा समावेश गरिएका घरेलु बालश्रमिकहरुको उपचारको अवस्थालाई तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. १६ घरेलु बालश्रमिकको उपचारको अवस्था**

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | मालिकले | २१ | ६७.७४ |
| २ | आफै | २ | ६.४५ |
| ३ | बाबुआमा | ७ | २२.५८ |
| ४ | साथी | १ | ३.२३ |
| | जम्मा | ३१ | १००.०० |


स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिकालाई विश्लेषण गर्दा घरेलु बालश्रमिकहरुमध्ये सबैभन्दा बढी २१ जना अर्थात् ६७.७४ प्रतिशत बालश्रमिकले विरामी हुँदा मालिकले उपचार गर्ने गरेको पाइन्छ भने ७ जना अर्थात् २२.५८ प्रतिशत बालश्रमिक विरामी पर्दा आफ्नो बाबु आमा आई उपचार गराउने गरेको पाइन्छ। त्यसैगरी २ जना अर्थात ६.४५ प्रतिशत आफै उपचार गर्ने गरेको छ भने १ जना अर्थात् ३.२३ प्रतिशतले विरामी हुँदा आफ्नो साथीको सहयोग लिई उपचार गर्न जानुपर्ने अवस्था रहेको पाइयो। घरेलु बालश्रमिकहरु विभिन्न प्रकारको रोग लागेको पाइयो जसमा ज्वरो आउने टाउको दुख्ने जस्ता आदि रोगहरु लाग्ने गरेको थियो। रोग लागेपछि उनीहरुलाई उपचारको लागि केही खर्च मालिकले दिने गरेको थिए भने केही बालश्रमिक आफैले गर्ने गरेका थिए।

## ४.२१ घरेलु बालश्रमिकको भविष्यको इच्छा

बालबालिकाहरु सुकोमल परिस्थितिका कोपिलाहरु जस्तो हुन्। सामान्यतया उनीहरु निर्दोश प्रकृतिका मानव हुन्। बालबालिकाहरुको शारीरिक र मानसिक स्थिति कमजोर हुने हुँदा उनीहरुलाई सानोभन्दा सानो कुराले पनि गहिरो असर गर्न सक्छ। यदि हामीले वास्तविकता बुझ्न सकेनौ भने बालबालिकाको भविष्य अध्यारो पनि हुन सक्छ। घरेलु बालश्रमिकको भविष्यको इच्छा तलको तालिकामा उल्लेख गरिएको छ।

**चित्र नं. ४ : घरेलु बालश्रमिकको भविष्यको इच्छा**




स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका २४ अनुसार १६ जना (५१.६१ प्रतिशत) को जागिरे बन्ने इच्छा, १० जना (३२.२६ प्रतिशत) को व्यापारी, ३ जना (९.६८ प्रतिशत) को खेलाडी र २ जना (६.४५ प्रतिशत) अन्य विभिन्न क्षेत्रमा लाग्ने इच्छा रहेको पाइयो । बहुसंख्यक बालश्रमिकहरुले राम्रोसँग अध्ययन पूरा गरेर जागिरे बन्ने इच्छा राखेको पाइयो । यो तथ्यलाई तलको स्तम्भ चित्रमा अझ स्पष्ट हुनेगरी देखाइएको  छ ।

## ४.२२ बाल श्रमिकको शैक्षिक अवस्था

कुनै पनि देशको विकासको मेरुदण्ड नै त्यस देशका  जनताको शैक्षिक स्तर हो । आफ्ना वालबालिका भविष्यका कर्णधार अर्थात् देश निर्माणकर्ता हुन । जग बलियो भए घर बलियो हुन्छ भने झै देश बलियो हुन बालिबालिकाले उचित शिक्षा दिक्षा पाउनु पर्छ । दमक नगरपालिका क्षेत्रका घरेलु बालश्रमिकको शैक्षिक अवस्थालाई निम्नानुसार प्रष्ट पारिन्छ ।

**तालिका नं. १७ : बाल श्रमिकको शैक्षिक अवस्था**

| क.सं. | शैक्षिक अवस्था | बालक | प्रतिशत | बालिका | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | साक्षर | ५ | १०० | २४ | ९२.३१ | २९ | ९३.५५ |
| २ | निरक्षर | - | - | २ | ७.६९ | २ | ६.४५ |
| | जम्मा | ५ | १०० | २६ | १०० | ३१ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका २० का अनुसारमा नगन्य बालबालिका बाहेक अधितम वालबालिका घरेल बालश्रमिक भएर पनि आफ्नो उज्वल भविष्यको आसमा विद्यालयमा अध्ययन गरिरहेको पाइयो । जसमा साक्षर हुदै गरेका २९ जना अर्थात् ९६.५५ प्रतिशत र निरक्षर २ जना ६.४५ प्रतिशत त्यसमा पनि बालिका भेटिए । माथिको तथ्यांकका आधारमा नेपाल सरकारले सन् २०१५ सम्ममा सबैका लागि शिक्षा पुऱ्याउने योजनापूर्ण रुपमा सफल नभएको देखिन्छ ।

## ४.२३ तहगत रुपमा घरेलु बालश्रमिकको शैक्षिक अवस्था

घरेलु बालश्रमिकलाई शैक्षिक स्तरको बारेमा सोधिएको प्रश्नमा बालश्रमिकहरुले व्यक्त परिणामलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १८ तहगत रुपमा घरेलु बालश्रमिको शैक्षिक अवस्था**

| क.सं. | शैक्षिक अवस्था | बालक | प्रतिशत | बालिका | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | प्राथमिक | २ | ४० | ९ | ३७.७ | ११ | ३७.९३ |
| २ | नि.मा.वि. | २ | ४० | १३ | ५४.१७ | १५ | ५१.७२ |
| ३ | माध्यमिक | १ | २० | २ | ८.३३ | ३ | १०.३५ |
| | जम्मा | ५ | १०० | २४ | १०० | २९ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

उपरोक्त तालिकालाई विश्लेषण गर्दा यो कुरा प्रष्ट हुन्छ की प्राथमिक तहमा ११ जना अर्थात् ३७.९३ प्रतिशत, निम्न माध्यमिक तहमा १५ जना अर्थात् ५१.७२ प्रतिशत रहेको पाइन्छ भने माध्यमिक तहमा ३ जना अर्थात् १०.३५ प्रतिशत रहेको पाइयो । यस आधारमा भन्दा प्राथमिक र निम्न माध्यमिक तहमा अध्ययन गर्नेको अवस्था सन्तोषजनक नै जस्तो

लागे पनि माध्यमिह तहमा अध्ययन गर्नेको संख्या न्यून छ । यस तथ्यांकले के पुष्टि गर्छ भने प्राथमिक र निम्न माध्यमिक तह पार गरेपछि माध्यमिक तहमा भने कमैले पढ्ने गरेको देखाउँछ । त्यसैले शिक्षामा सबैको पहुँच हुनुपर्छ । जुनसुकै किसिमको नागरिक होस् ऊ शिक्षाबाट बन्चित हुनु भनेको सामाजिक तथा प्राकृतिक न्यायको सिद्धान्त विपरित हुन जान्छ । माध्यम चाहै औपचारिक होस या अनौपचारिक, राष्ट्रका केही नागरिकलाई शिक्षाबाट बन्चित गराउनु हुदैन । साथै जस जसले बालश्रमिकलाई घरमा काम लगाउने गरेका छन् उनीहरुको सोचाइमा पनि परिवर्तन ल्याउनुपर्छ अनि मात्र बालबालिकालाई पढाइ तर्फ सौहार्दपूर्ण वातावरण सृजना गर्न सकिन्छ ।

## ४.२४ विद्यालयमा घरेलु बालश्रमिकको उपस्थिति

कुनै पनि बालबालिकाको विद्यालयमा उपस्थितिले शैक्षिक प्रगतिमा धेरै ठूलो प्रभाव पार्छ । त्यसैले उनीहरुको विद्यालय उपस्थितिलाई पनि यस अध्ययनमा समावेश गरिएको छ । घरेलु बालश्रमिकको विद्यालयमा उपस्थिति निम्न तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. १९ विद्यालयमा घरेलु बालश्रमिकको उपस्थिति**

| क.सं. | विद्यालयमा उपस्थिति | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | नियमित | २६ | ८३.८७ |
| २ | प्राय नजाने | ३ | ९.६७ |
| ३ | विद्यालय नजाने | २ | ६.४५ |
| | जम्मा | ३१ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका नं. २३ अनुसार विद्यालय नियमित जाने संख्या २६ जना अर्थात् ८३.८७ प्रतिशत, प्राय नजाने ३ जना अर्थात् ९.६७ प्रतिशत र विद्यालय नजाने २ जना अर्थात् ६.४५ प्रतिशत रहेको पाइयो ।

## ४.२५ घरेलु बालश्रमिकको उत्तीर्ण अवस्था

कुनै पनि विद्यार्थीको शैक्षिक अवस्था थाहा पाउन त्यस विद्यार्थीले विद्यालयमा परीक्षा लिँदा उत्तीर्ण अनुत्तीर्णको अवस्था पत्ता लगाउनु पर्छ । त्यसैले यस अध्ययनमा पनि घरेलु बालश्रमिकको शैक्षिक पहुँच पत्ता लगाउन उत्तीर्ण अनुत्तीर्णको तालिका तल देखाइएको छ ।

## ४.२६ घरेलु बालश्रमिकलाई बालअधिकारबारे ज्ञान

बालअधिकार बारेमा स्वयम् उनीहरुको के कति ज्ञान छ कि छैन ? भन्ने बारेमा तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं.२० : घरेलु बालश्रमिकलाई बालअधिकारबारे ज्ञान**

| क्र.सं. | बालअधिकारको ज्ञान | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | थाहा छ | १३ | ४१.९४ |
| २ | थाहा छैन | १० | ३२.२६ |
| ३ | अलिअलि सुनेको छु | ६ | १९.३५ |
| ४ | त्यतातिर ध्यान दिएको छैन | २ | ६.४५ |
| | जम्मा | ३१ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका २५ अनुसार बालबालिकाबारे ज्ञान भएका १३ जना (४१.९४ प्रतिशत) रहेको पाइयो । बाल अधिकारबारे थाहा नहुने १० जना (३२.२६ प्रतिशत) अलिअलि सुन्ने ६ जना ( १९.३५ प्रतिशत), बाल अधिकार बारे ध्यान नदिने दुई जना (६.४५ प्रतिशत) रहेको पाइयो । अत : बालबालिका निर्दोश प्रकृतिका हुने भएकाले गर्दा बालअधिकारबारे थाहा हुनेले पनि बाध्यात्मक अवस्थामा चुपचाप सहेर बस्नु परेको छ ।

## ४.२७ बाल अधिकार बारे थाहा पाउने माध्यम

बाल अधिकारबारे थाहा पाउने माध्यमलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २१ : बाल अधिकार बारे थाहा पाउने माध्यम**

| क्र.सं. | थाहा पाउने माध्यम | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | किताब पढेर | १६ | ५१.६१ |
| २ | रेडियो टिभि हेरेर | ९ | २९.०३ |
| ३ | अन्य | ६ | १९.३६ |
| | जम्मा | ३१ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार किताब पढेर सबैभन्दा बढी १६ जना अर्थात् ५१.६१ प्रतिशत, रेडियो, टिभि हेरेर ९ जना अर्थात् २९.०३ प्रतिशत र अन्य माध्यमबाट ६ जना अर्थात् १९.३६ प्रतिशत रहेको पाइयो ।

## ४.२८ बाल श्रमिक हुनाको कारण

बालबालिकाहरुलाई आफ्नो परिवारमा आमा बाबुसँग मायालु वातावरणमा राखेर पालनपोषण तथा उचित शिक्षा दिनुपर्ने उमेरमा उनीहरु आफ्नो घर छाडेर अर्काको घरमा बालश्रमिकको रुपमा काम गरिरहेका छन् । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २२ : बालश्रमिक हुनाको कारण**

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | गरिबी | २४ | ७७.४२ |
| २ | परिवारको हेला | १ | ३.२२ |
| ३ | साथी संगत | २ | ६.४५ |
| ४ | अभिभावक नभएको | ४ | १२.९१ |
| | जम्मा | ३१ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिकालाई अध्ययन गर्दा गरिबीको कारण बालश्रमिक हुनेहरुको संख्या २४ अर्थात् ७७.४२ प्रतिशत, परिवारको हेलाका कारण १ जना अर्थात् ३.२२ प्रतिशत, साथी संगतको कारणले २ जना अर्थात् ६.४५ प्रतिशत र अभिभावक नभएको कारण बालश्रमिक हुनेहरुको सख्या ४ जना अर्थात् १२.९१ प्रतिशत रहेको पाइयो ।

## ४.२९ बालश्रमिक भएकै कारण भोग्नु परेको विशेष समस्या

यहाँ समावेश भएका बालबालिकाहरुले मालिकबाट विभिन्न किसिमको समस्या भोग्ने गरेको बताएका छन् । जसलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. २३ : बालश्रमिक भएकै कारण भोग्नु परेको विशेष समस्या**

| क्र.सं. | बालश्रमिकले भोग्नु परेको विशेष समस्या | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | हेपाइ तथा दुर्व्यवहार | ६ | १९.३५ |
| २ | अवसरबाट बन्चित | ४ | १२.९१ |
| ३ | पढ्ने समय नपाउने | १९ | ६१.२९ |
| ३ | पारिश्रमिकबाट बन्चित | २ | ६.४५ |
| | जम्मा | ३१ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका २८ अनुसार धनी र गरीब वर्गबीच ठूलो खाडल भएकै कारण घरेलु बालश्रमिकमाथि हेप्ने तथा दुर्व्यवहार गर्ने, अवसरबाट बन्चित गरिने र पारिश्रमिक नदिने लगायत विसंगतिहरु बढेको पाइन्छ। घरेलु बालश्रमिकले आफ्ना घरबेटीबाट शुभेच्छा र समर्थनहरु नपाएकाले गर्दा अनेक खाले समस्या भोग्दै आउनु परेको अवस्था छ। यो तथ्यलाई तलको वृत्त चित्रमा पनि प्रस्तुत गरिएको छ।

## ४.३० घरेलु बालश्रमिकको काम गर्दाको अनुभव

यहाँ समावेश गरिएको बालबालिकाहरुले काम गर्दाको अनुभवलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं २४ : घरेलु बालश्रमिकको काम गर्दाको अनुभव**

| क्र.सं. | काम गर्दाको अनुभव | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | अधिक परिश्रम | १९ | ६१.२९ |
| २ | अध्ययनको समस्या | ६ | १९.३५ |
| ३ | मानसिक तनाव | ४ | १२.९१ |
| ३ | घरायसी दुर्व्यवहार | २ | ६.४५ |
| | जम्मा | ३१ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार अधिक परिश्रम गर्ने बालबालिका १९ जना अर्थात् ६१.२९ प्रतिशत, अध्ययनको समस्या ६ जना अर्थात् १९.३५ प्रतिशत, मानसिक तनाव ४ जना अर्थात् १२.९१ प्रतिशत र घरायसी दुर्व्यवहार २ जना अर्थात् ६.४५ प्रतिशत रहेको पाइयो ।

## ४.३१ प्राप्ति

१. यस अध्ययनमा समावेश गरिएका ३१ जना घरेलु बालश्रमिकहरुमा अधिकांश बालश्रमिक ७ वर्षदेखि १६ वर्ष उमेर समूहका रहेको पाइयो । उक्त क्षेत्रमा धिमाल थरीका बढी मात्रामा पाइयो भने सबैभन्दा कम राजवंशी, बाहुन, लिम्बू, गुरुङ्ग थरीका बालबालिका रहेको पाइयो ।

२. बालश्रमिकहरुमा सबैभन्दा बढी हिन्दूधर्म मान्नेको बाहुल्यता रहेको पाइयो भने सबैभन्दा कम अन्य त्यस्तै बौद्ध धर्म मान्ने २३.५८ प्रतिशत र किराँत धर्म मान्ने ६.४५ प्रतिशत रहेको पाइयो ।

३. आर्थिक स्थिति कमजोर भएर आफ्नो अध्ययनलाई निरन्तरता दिनकै लागि विभिन्न ठाउँबाट अर्काको घरमा काम गर्नको लागि आएको पाइयो भने स्थानीय क्षेत्रको बालबालिकाको बाहुल्यता अरु क्षेत्रको भन्दा बढी रहेको पाइयो ।

४. बालश्रमिक भएर काम गर्नको लागि विभिन्न माध्यमबाट आएको पाइयो जसमा आफन्तको सम्पर्कबाट ८०.६५ प्रतिशत रहेको पाइयो भने साथीभाइको सम्पर्कबाट ९.६७ प्रतिशत रहेको पाइयो त्यसैगरी सडकमा ६.४५ प्रतिशत, मालिकले नै ल्याएको पाइयो ।

५. घरेलु बालश्रमिकको आर्थिक पृष्ठभूमिलाई हेर्दा खानलाउन, साधारण पुग्नेको ३२.२६ प्रतिशत रहेको पाइयो भने खानलाउन नपुग्नेको प्रतिशत ६७.७४प्रतिशत रहेको पाइयो ।

६. हाल काम गरिरहेको घरमा ६ महिनादेखि २ वर्ष भयो निरन्तर काम गरिरहेको १५ जना अर्थात् ४८.३९ प्रतिशत रहेकोपाइयो भने ८ वर्षसम्म निरन्तर काम गरिरहेको संख्या ३ जना अर्थात् ९.६८ प्रतिशत रहेको पाइयो ।

७. बालश्रमिक हुनु अघि घरमै पढ्ने ३२.२६ प्रतिशत, रहेको पाइयो भने सडकमा बस्नेको प्रतिशत ६.४४ प्रतिशत रहेको पाइयो र सबैभन्दा थोरै घरमा आमाबाबुले गरेको काममा सहयोग गरी बस्नेको संख्या १ जना अर्थात् ३.२३ प्रतिशत रहेको पाइयो ।

८. खाना बनाउने, भाडा माझ्नेको संख्या १२ अर्थात् ३८.७१ प्रतिशत रहेको पाइयो भने बच्चा हेर्ने २५.८१ प्रतिशत रहेको पाइयो । त्यसैगरी अन्य काम गर्नेको संख्या २ अर्थात् ६.४५ प्रतिशत रहेको पाइयो ।

९. घरेलु बालश्रमिक पढ्ने, लेख्ने उद्देश्यकै लागि अर्काको घरमा बस्नेको संख्या २० जना अर्थात् ६४.५२ प्रतिशत रहेको पाइयो भने आफ्नो साहारा कै लागि बालश्रमिक बन्नेको संख्या २ जना अर्थात् ६.४५ प्रतिशत रहेको पाइयो ।

१०. बालश्रमिकलाई मालिकले दिने सेवा सुविधामा तलब थोरै भए पनि चाडाबाडमा मागेको समयमा  पाउनेको संख्या १२ अर्थात् ३८.७१ प्रतिशत र अरु बेला नपाए नी परीक्षाको बेला अध्ययन गर्न पाउनेको संख्या ४ अर्थात् १२.९१ प्रतिशत रहेको पाइयो ।

११. घरमालिक कै घरमा भए पनि खाट र ओछ्यान फरक, वरण्डामा सुत्नु परेको संख्या १९ जना अर्थात् ६१.२९ प्रतिशत रहेको पाइयो भने गोठ र टाडँमा  सुत्नुपर्नेको संख्या १ जना अर्थात् ३.२३ प्रतिशत रहेको पाइयो ।

१२. बालश्रमिकले खानाको अवस्थालाई अध्ययन गर्दा मालिकहरुको जस्तै खाना पाउनेको संख्या २८ जना अर्थात् ९०.३२ प्रतिशत रहेको पाइयो । त्यसैगरी आफ्नो लागि छुट्टै पकाउनुपर्ने १ जना अर्थात् ३.२३ प्रतिशत रहेको पाइयो ।

१३. दैनिक ५ घण्टा काम गर्नेको संख्या १२ जना अर्थात् ४१.९४ प्रतिशत रहेको पाइयो भने ८ घण्टासम्म काम गर्नेको संख्या ३ जना अर्थात् ९.६८ प्रतिशत रहेको पाइयो । घरेलु बालश्रमिक ५ घण्टा काम गर्नेको संख्या १३ जना अर्थात् ४१.९४प्रतिशत रहेको पाइयो ।

१४. मासिक ज्याला रु.१००० देखि १५०० सम्म १६ जना अर्थात् ५१.६२ प्रतिशतले पाएको पाइयो भने २ जनाले अहिलेसम्म पारिश्रमिक नपाएको जानकारी दिएको पाइयो । त्यसैगरी पारिश्रमिक लिने व्यक्तिमा आफ्नो पारिश्रमिक बाबुआमाले लाने गरेको २१

जना अर्थात् ६७.७४ प्रतिशत र अहिलेसम्म पारिश्रमिक नपाउने २ जना अर्थात् ६.४५ प्रतिशत रहेको पाइयो ।

१५. बालश्रमिकलाई आफ्नो बाबुआमा भेट्न आउनेको संख्या २० जना र टाढा भएको कारणले भेट्न नआउनेको संख्या ७ रहेको छ त्यस्तै आफ्नो बाबुआमा नभएको कारण आफन्तहरु भेट्न आउनेको संख्या ४ जना रहेको छ । आफूले गरेको काममा सन्तुष्टि पाउने १४ जना रहेको पाइयो ।

१६. बालश्रमिकहरु विरामी पर्दा उपचार गर्न मालिक आफैले लाने २१ जना रहेको पाइयो भने १ जनालाई साथीसँग जाने गरेको पाइयो ।

१७. हरेक मानिसको इच्छा चाहनाहरु फरक फरक रहेको हुन्छ । त्यस्तै घरेलु बालश्रमिकलाई भविष्यमा के बन्ने इच्छा छ भनी प्रश्न गर्दा १६ जनाले जागिरे बन्ने इच्छा व्यक्त गरे, १० जनाले ठूलो व्यापारी बन्ने भनेको पाइयो । त्यस्तै कोही खेलाडी बन्ने भने त ३ जनाले अन्य बन्ने इच्छा व्यक्त गरेको पाइयो ।

१८.बालश्रमिकहरु साक्षरता २९ जना अर्थात् ९३.५५ प्रतिशत र निरक्षता २ जना अर्थात् २६.४५ प्रतिशत रहेको पाइयो । त्यसैगरी घरेलु बालश्रमिकहरुको तहगत शैक्षिक अवस्थालाई बुझ्दा प्राथमिकमा ११ जना, निमाविमा १५ जना र माविमा ३ जना रहेको पाइयो । घरेलु बालश्रमिकको विद्यालयमा उपस्थिति नियमित जाने २४ जना प्राय नजाने ३ जना र विद्यालय नजाने २ जना रहेको पाइयो ।

१९. घरेलु बालश्रमिकलाई बालअधिकारबारे जानकारी हुनेको संख्या १३ जना रहेको पाइयो । त्यस्तै बालअधिकारबारे थाहा नहुने १० जना केही मात्रमा हुनेको संख्या ६ जना रहेको पाइयो । बाल अधिकार थाहा पाउने माध्यममा किताब पढेर १६ जना अर्थात् ८४.२ प्रतिशत रहेको पाइयो भने रेडियो, टिभि हेरेर, सुनेर ३ जनाले थाहा भएको पाइयो ।

२०. गरिबीको कारणबाट अर्काको घरमा बस्नुपर्ने बाध्यता २४ जनाको रहेको पाइयो भने परिवारको हेलाकै कारण अर्काको घरमा बस्नुपर्ने १ जना रहेको पाइयो । त्यस्तै साथी संगतमा पनि २ जना अर्काको घरमा बस्दै गरेको पाइयो ।

२१. बालश्रमिकले घरमालिकको हेपाइ तथा दुर्व्यवहार पाउने ६ जना रहेको पाइयो भने १९ जना श्रमिकले पढ्ने समय नपाउने भनेको पाइयो । घरेलु बालश्रमिकलाई अर्काको घरमा काम गर्दा अनुभवमा धेरै परिश्रम गर्नुपर्ने संख्या १९ जना, अध्ययनको समस्या ६ जना, घरायसी दुर्व्यवहार भोग्नेको संख्या २ जना रहेको छ भने मानसिक तनाव भोग्नेको संख्या ४ जना रहेको पाइयो ।

# परिच्छेद : पाँच
# निष्कर्ष र सुझाव

## ५.१ निष्कर्ष

प्रस्तुत विषयमा गरिएको अध्ययनमा ७ वर्षदेखि १६ वर्ष उमेरका बढी घरेलु श्रम छन् । कतिपय बालबालिका भरपेट खाना कै लागि अर्काकोमा काम गर्न बाध्य छन् । उनीहरुले दैनिक ६ घण्टा भन्दा बढी काम गर्ने गरेका छन् । गरिबी र विपन्नताले गर्दा अर्काकोमा बालश्रमिकको रुपमा बसे पनि पढ्ने उद्देश्य घरेलु बाल श्रमिकको रहेको पाइयो तर घरवेटीले उनीहरुलाई दिनुपर्ने माया, गर्नुपर्ने व्यवहार नगरेको पाइन्छ । घरेलु बालश्रमिकको शैक्षिक अवस्थालाई हेर्दा प्राथमिक निम्न माध्यमिक तहमा अध्ययपन गर्ने को तुलनामा माध्यमिक तहमा अध्ययपन गर्नेको संख्या कमी छ ।

यसरी बालबालिकाहरुलाई पढ्ने खेल्ने उमेरमा जोखीमपूर्ण काममा लगाउँदा उनीहरुको शारीरिक तथा मानसिक विकासमा नकरात्मक असर पर्ने देखिन्छ । बालश्रमिकहरु आफ्नो कामप्रति असन्तुष्ट हुँदाहुँदै पनि बाध्यतावस काम गर्नु परिरहेको छ । बालश्रमिकहरुलाई मानव अधिकार तथा बाल अधिकारको बारेमा सामान्य जानकारी भएपनि बोल्न सकिरहेको पाइदैन । आफ्ना बाबुआमाको माया, ममता पाउनु उनीहरुको अधिकार हो तर कलिलो उमेरमा बाबुआमाको मायाबाट बन्चित हुनु परेको छ । शिक्षा एक गतिशिल प्रकृया हो यो जन्मबाट सुरु भई जीवनभर चलिरहन्छ । शिक्षाले अवोध बालकको सामाजिक आर्थिक विकासमा सहयोग पुऱ्याउँछ । घरेलु बालश्रमिकको आमाबाबुको शैक्षिक चेतनाको कमीले गर्दा बालश्रमिकहरुमा त्यसको प्रभाव परेको देखिन्छ । कतिपय बालश्रमिकहरुलाई उनीहरुलाई घरमा नराम्रो व्यवहार गर्ने खाना, स्वास्थ्य, शिक्षा, मनोरञ्जन जस्ता आधारभूत आवश्यकताबाट बन्चित हुनका साथै जोखिमपूर्ण काम गर्नु पर्ने हुनाले उनीहरु विभिन्न किसिमको विरामी हुने गरेको पाइयो । घरेलु बालश्रमिकहरुलाई खाना तथा बस्ने ठाउँको पनि राम्रो व्यवस्था नहुँदा मानव जातिमा विभेदपूर्ण व्यवहार गरेको पाइयो । समस्या समाधानका लागि कानुन बनाएर मात्र नहुने त्यसलाई कार्यन्वयन गर्नका लागि सबैले आ आफ्नो तहबाट सहयोग गर्नुपर्ने छ ।

## ५.२ सुझाव

### ५.२.१ नीतिगत तहका लागि उद्देश्य

(क) घरेलु बालश्रमिकहरुको सामाजिक, आर्थिक स्थिति सुधार गर्न सरकारी वा गैर सरकारी संघसंस्थाहरुको पहलमा चेतनामुलक कार्यक्रम संचालन गर्न नीति निर्माण गर्नु पर्दछ ।

(ख) महिला बाबालिका तथा समाज कल्याण मान्त्रालयबाट वालश्रम विरुद्ध कडा कानुन निर्माणका लागि आवश्यक नीति निर्माण गर्नुपर्दछ ।

(ग) बालश्रमसँग सम्बन्धित विभिन्न संघसंस्थाहरुले गरिबी निवारणका लागि विशेष किसिमको आयमुलक कार्यक्रमका लागि नीति निर्माण गर्नुपर्दछ ।

### ५.२.२ अभ्यास तहका लागि सुझाव

(क) घरेलु बालश्रमिकहरुको संख्यामा कमी ल्याउनका लागि स्थानीय स्तरबाटै जनचेतना अभिवृद्धि गर्ने किसिमका चेतनामुलक कार्यक्रम गोष्ठि तथा सेमिनार संचालन गर्नुपर्ने देखिन्छ ।

(ख) आर्थिक रुपले विपन्न अभिभावक तथा बालश्रमिकहरुलाई स्वरोजगार तालिम स्थापनाको लागि व्याज रहित ऋण वा सहयोग सरकार वा वित्तिय संस्थाहरुले प्रदान गर्नुपर्दछ ।

(ग) गरिबी निवारणका लागि विशेष किसिमको आयमुलक कार्यक्रम संचालन गर्नुपर्ने ।

(घ) बालश्रम शोषण विरुद्ध चासो राख्ने संघसंस्था सरोकारवाला बुद्धिजिवि र राजनैतिक क्षेत्रबाट पनि बालश्रम शोषणलाई उन्मुलन गर्न पहल गर्नुपर्ने ।

(ङ) संचार माध्यम पत्रपत्रिका पोष्टर पम्पप्लेट टेलिफिल्म आदिको माध्यमबाट जनचेतनामुलक कार्यक्रम आयोजना गर्नुपर्ने देखिन्छ ।

### ५.२.३ अनुसन्धान तहका लागि सुझाव

(क) घरेलु बालश्रमिकहरुको सामाजिक, आर्थिक, र शैक्षिक अवस्थाको साथै मनोवैज्ञानिक अवस्थाको अध्ययन विषयमा खोजी गर्न सकिन्छ ।

(ख) घरेलु बालश्रमिकहरुको रुची, चाहना तथा आवश्यकताको बारेमा अन्य अनुसन्धानकर्ताहरुले अध्ययन गर्न सकिने ।

(ग) घरेलु बालश्रमिकहरुको संख्याको पहिचान गरी समाधानका उपायहरुको बारेमा अनुसन्धान गर्न सकिन्छ ।

(घ) बालश्रमिक हुनका कारण र त्यसबाट उत्पन्न हुने परिणम तथा बालश्रमिकहरुका अन्य समग्र पक्षका बारेमा पनि अन्य अनुसन्धानकर्ताले अनुसन्धान गर्न सक्नेछन् ।

# सन्दर्भ सामग्री


कार्की, भिमबहादुर (२०६८), *घरेलु उत्पादन क्षेत्रका बालश्रमिक विचको तुलनात्मक अध्ययन,* स्नातकोत्तर तह, अप्रकाशित शोधपत्र, मानविकि तथा समाजशास्त्र संकाय, मानव तथा समाजशास्त्र विभाग, स्नातकोत्तर क्याम्पस, विराटनगर ।

काफ्ले, बासुदेव र ढकाल, हेमराज (२०६८), *शिक्षामा सामाजिक न्याय,* काठमाण्डौ : सनलाइट पब्लिकेशन ।

खड्का अम्बरबहादुर (२०६२), *शिक्षाको सट्टा चर्को यातना,* उपेक्षा, १(१), ३, विराटनगर : क्षेत्रीय सञ्चार स्रोतकेन्द्र ।

खड्का अम्बरबहादुर (२०७१), *घरेलु बालश्रमिकको शिक्षामा पहुँच,* विषयक शोधपत्र, सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर, मोरङ्ग

गोरखापत्र, (२०६९ माघ १०), *बालबालिकाको उद्धार,* गोरखापत्र, ११२ (२५३) ७, काठमाण्डौ : गोरखापत्र ।

गौतम, देवीप्रसाद र भण्डारी पारसमणी (२०६९), *स्नातक नेपाली,* काठमाण्डौः पिनाकल पब्लिकेशन

ढकाल, माधवप्रसाद (२०६७), *शिक्षाको आधार,* काठमाण्डौ : रत्न पुस्तक भण्डार ।

थापा, पुनम (२०५४), *बालश्रमिक सम्बन्धी सिविन नेपालको वार्षिक प्रतिवेदन,* काठमाण्डौ : एविसि ।

नागरिक दैनिक (२०७१, जेठ २९), *सम्पादकीय,* काठमाण्डौ : रिपब्लिक मिडिया प्रा.लि. ।

निरौला, भवानीप्रसाद (२०६७), *बालश्रमिकको बर्तमान अवस्था र सामाजिक न्याय विषयक अध्ययन प्रतिवेदन* इन्द्रपुर, सुकुना बहुमुखी क्याम्पस, मोरङ्ग ।

नेपाल, (२०७१), *घरेलु बालश्रमिकको सामाजिक, आर्थिक र शैक्षिक अवस्था,* स्वास्थ्य तथा जनसंख्या विषयक अध्ययन प्रतिवेदन इन्द्रपुर मोरङ्ग : सुकुना बहुमुखी क्याम्पस,

पराजुली, उमेशप्रसाद (२०७२), *बालमजदुर विद्यार्थीहरुको सिकाइ,* विषयक शोधपत्र, सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर, मोरङ्ग ।

प्रधान, गौरी (२०५३), *बाल सरोकार* काठमाण्डौ : सिविन ।

भण्डारी, कमला (२०६८), *घरेलु बालश्रमिकको शैक्षिक अवस्था र सामाजिक न्याय विषयक अध्ययन प्रतिवेदन* इन्द्रपुर : सुकुना बहुमुखी क्याम्पस, मोरङ्ग ।

महर्जन, रामकृष्ण (२०६४), *समाजिक न्याय* र *शिक्षा,* काठमाण्डौ : शिक्षा शास्त्र संकाय ।

यूएनडिपि (२०६९), *नेपाल सम्बन्धी वार्षिक प्रतिवेदन,* काठमाण्डौ : लेखक ।

यूनिसेफ नेपाल, (२०५८), *बालबालिका र महिलाको अवस्था विश्लेषण वार्षिक प्रतिवेदन* काठमाण्डौः लेखक ।

यूनिसेफ (२०५४), *विश्वमा बालश्रमिकको अवस्था सम्बन्धी प्रतिवेदन,* काठमाण्डौ : लेखक ।

यूनिसेफ जेनेभा (२०५५), *संसारका बालबालिकाको अवस्था सम्बन्धी प्रतिवेदन,* काठमाण्डौ : लेखक ।

यूनिसेफ, (२०५३), *नेपालमा महिलालाई बालबालिकाको अवस्थाको विश्लेषण,* काठमाण्डौ : लेखक ।

रघुवंशी, अम्चली (२०५१), *फिमेल चाइल्ड लेवर,* स्नातकोत्तर तह अप्रकाशित शोधपत्र, मानविकी तथा समाजशास्त्र संकाय, मानव तथा समाजशास्त्र विभाग; त्रिभुवन विश्वविद्यालय, किर्तीपुर ।

राष्ट्रिय योजना आयोग, (२०६७), *त्रिवर्षीय योजना २०६७-२०७०,* काठमाण्डौः राष्ट्रिय योजना आयोग ।

शिवाकोटी, (२०७२), *घरेलु बालश्रमिकको सामाजिक, आर्थिक र शैक्षिक अवस्था* विषयक शोधपत्र, गौरादह बहुमुखी क्याम्पस, गौरादहः झापा ।

सिविन (२०५०), *नेपालमा बालश्रमिक,* काठमाण्डौ : लेखक ।

सिविन (२०५८), *वार्षिक प्रतिवेदन,* काठमाण्डौ : लेखक ।

सिविन (२०६६), *सामाजिक सेवा एवम् मानव अधिकारमा बालबालिका र महिला,* काठमाण्डौ : लेखक ।

ILO, (1994) *Action for the elimination of child labour*, over view of the problems and responses, Geneva: ILO.

ILO, (2002) *Bonded Child labour, among child workers of the Ramaiya systa*, A rapid assessment, Kathmandu: ILO.

ILO, (2007) World labour Report: *Action of the elimination of child labour*, Geneva: ILO.

Mark, K. (1848), *The communist Mamotirto*: London, Authar.

Pradhan, Gauri (2001), *An our view of the child labour problem in Nepal*, Kathmandu: CWIN.

Sing, Sumana (2002), *A study on child domestic servant in Lalitpur* unpublished dissertation for M.A./ T.U. Kirtipur.

# घरेलु बालश्रमिकको सामाजिक, आर्थिक र शैक्षिक अवस्था

## अनुसूची : एक

### प्रश्नावली

नाम : ...................................... उमेर : .....................वर्ष : .........

जन्म मिति : ................. जन्म स्थान : ............... लिङ्ग : .....................

जात : .................. धर्म : ..................

बाबुको नाम : ...................................... आमाको नाम : ...................................

स्थायी ठेगाना : ............................... हाल बसोबासको ठेगाना : ............................

अपाङ्गता भए (किसिम) : ......................................................

घरेलु बालश्रमिक भएर काम गरेको वर्ष / अवधि ..........................

१. तिम्रो बाबु आमा के गर्नुहुन्छ ?

(क) कृषि (ख) व्यापार

(ग) नोकरी (घ) अन्य

२. तिमी कसरी मालिकको घरमा काम गर्न आइपुग्यौ ?

(क) घरबाट भागेर (ख) आफन्तको सम्पर्कबाट

(ग) सडकबाट (घ) साथीभाइको सम्पर्कबाट

३. तिम्रो घरको आर्थिक अवस्था कस्तो छ ?

(क) खान लाउन पुग्छ (ख) खान लाउन पुग्दैन

४. बालश्रमिक भएर काम गरेको कति वर्ष भयो ?

(क) १ वर्ष (ख) २ वर्ष

(ग) ४ वर्ष (घ) ६ वर्ष

५. मालिकको घरमा आउनुभन्दा पहिले के गर्थ्यो ?

(क) घरमै पढ्थे (ख) अर्काको घरमा काम गर्थे

(ग) घरमा आमाबाबुलाई सघाउथे (घ) सडकमा बस्थे

६. तिमी मालिकको घरमा केके काम गर्छौ

(क) खाना बनाउन/भाडा माझ्न (ख) बच्चा हेर्न

(ग) खेतबारीको काम गर्न (घ) पसलमा

७. तिमी के उद्देश्यले यहाँ काम गर्न आयौ ?

(क) पढ्ने लेख्ने (ख) रोजगारीको लागि

(ग) साहाराको लागि (घ) परिवारलाई आर्थिक सहयोगको लागि

८. मालिकबाट तिमीले पाउने सेवा सुविधा

(क) खाने वस्ने (ख) छोराछोरी सरह

(ग) तलब (घ) अध्ययन

९. तिमी कहाँ सुत्छौ ?

(क) सुत्ने कोठा छुट्टै छ (ख) खाट र ओछ्यान फरक छ

(ग) भुँइमा (घ) गोठ र टाढँमा

१०. तिमीले कस्तो खाना खान्छौ ?

(क) मालिकको जस्तो (ख) मालिकको भन्दा फरक

११. तिमीले दिनमा कति घण्टा काम गर्छौ

(क) दैनिक २ घण्टा (ख) दैनिक ३/४ घण्टा

(ग) ५ घण्टा (घ) ८ घण्टा

१२. तिमीले काम गरेवापत कति तलब पाउँछौ ?

(क) रु.५०० देखि १००० (ख) १००० देखि १५००

(ग) १५०० देखि २००० (घ) तलब पाएको छैन

१३. तिमीले कमाएको पैसा कसले लानुहुन्छ ?

(क) आफै (ख) आमाबाबु

(ग) आफन्त (घ) अहिलेसम्म पाएको छैन

१४. तिम्रो आमाबाबु भेट्न आउनु हुन्छ ?

(क) आउनु हुन्छ (ख) आउनुहुन्न

(ग) आफन्त भेट्न आउनु हुन्छ

१५. तिमीले गरेको काम प्रति सन्तुष्टि छौ ?

(क) सन्तुष्ट छु (ख) सन्तुष्ट छैन

१६. तिमी विरामी भएका छौ ?

(क) छु (ख) छैन

१७. विरामी हुँदा कसले उपचार गर्न लानुहुन्छ ?

(क) मालिकले (ख) आफै

(ग) बाबु आमा (घ) साथी

१८ तिमी भविष्यमा के बन्ने इच्छा छ ?

(क) जागिरे (ख) व्यापारी

(ग) खेलाडी (घ) अन्य

१९. तिमीलाई पढ्न लेख्न आउँछ ?

(क) आउँछ (ख) आउँदैन

२०. तिमी कति कक्षामा अध्ययनरत छौ ?

(क) प्राथमिक (ख) निमावि

(ग) मावि

२१. तिमी विद्यालय कतिको जाने गरेका छौ ?

(क) नियमित (ख) प्राय नजाने

(ग) विद्यालय जादिन

२२. तिमीलाई बालअधिकार बारे केही थाहा छ ?

(क) थाहा छ (ख) थाहा छैन

(ग) अलिअलि सुनेको छु (घ) त्यतातिर ध्यान गएको छैन

२३. बालअधिकार बारे कुन माध्यमबाट जानकारी पायौ ?

(क) किताब पढेर (ख) रेडियो टिभी हेरेर

(ग) अन्य

२४. बालश्रमिक हुनाका कारणहरु केके हुन् ?

(क) गरिबी (ख) परिवारको हेला

(ग) साथी संगत (घ) अभिभावक नभएर

२५. बालश्रमिक भएर भोग्नु परेको समस्या केहो ?

(क) हेपाइ तथा दुर्व्यवहार (ख) अवसरबाट बन्चित

(ग) पढ्ने समय नपाएको (घ) पारिश्रमिकबाट बन्चित

२६. घरेलु बालश्रमिक भएर काम गर्दाको अनुभव केके हुन् ?

(क) अधिक परिश्रम (ख) अध्ययनमा समस्या

(ग) मानसिक तनाव (घ) घरायसी दुर्व्यवहार

२७. घरेलु बालश्रमिकको समस्या समाधान गर्न के गर्नुपर्छ ?

(क) समान व्यवहार (ख) नीति नियम कार्यन्वयन गर्नुपर्छ

(ग) जीवनोपयोगि सिप संचालक गर्नुपर्छ

(घ) सरकारले पढ्ने वातावरण सृजना गरिदिनु पर्छ ।